**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**

**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**

**<u>आदेश</u>**

०७८-WO-१२११

**मुद्दाः-<u> उत्प्रेषण परमादेशसमेत</u>।**

| | |
|---|---|
| काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं १ बस्ने अधिवक्ता सुधिज्ञ पन्त.......................................................................................१ | निवेदक |
| <u>विरुद्ध</u> | |
| नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं.......................................१ | प्रत्यर्थी |
| नेपाल सरकार, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सिंहदरबार, काठमाडौं........१ | |
| नेपाल सरकार, शहरी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं............................१ | |
| काठमाण्डौ महानगरपालीकाको कार्यालय, बागदरबार, काठमाण्डौ.......................१ | |

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् यस अदालतको आदेश यसप्रकार रहेको छः-

१. म निवेदकले मिति २०७८/१२/१४ मा विपक्षीहरुको नाममा सडकपेटी र सडक ओगटेर कुनै पनि वस्तु राख्न रोक लगाउनु पर्ने, राखेको वस्तु तुरुन्त हटाउनु पर्ने, सडकपेटी ओगटेर सुरक्षाकर्मीको पोष्ट राख्न रोक लगाउनु पर्ने र राखिएको स्थानबाट तुरुन्त हटाउनु पर्ने माग

राखी चिठीपत्र समेत गरेकोमा विपक्षीहरुले सो चिठी मार्फत् उठाइएको समस्याको समाधान गर्नेतर्फ कुनै कदम नचालेकोले पैदलयात्रीको सुरक्षाको हक हनन भईरहेको, वैकल्पिक उपचारको माध्यम अपनाउन खोज्दा समेत सम्बन्धित निकायले वेवास्ता गरेको यस निवेदनमा उल्लिखित समस्या प्रत्यक्ष रुपमा जनमानसको सुरक्षासँग जोडिएको अत्यन्त संवेदनशील विषय भएको हुँदा सो को तुरुन्त निरुपण गर्नु पर्ने भएकोले संविधानको धारा १३३ (२) बमोजिम यस सम्मानित सर्वोच्च अदालत समक्ष निवेदन गर्न बाध्य भएको हुँ।

सडक बनाउँदा सडक छेउ मानिस हिंड्ने सडकपेटी बनाउनु अनिवार्य हुन्छ। सडकपेटी नभएको अवस्थामा त्यस्तो बाटोमा मानिस हिंड्न मिल्दैन भनेर उल्लेख गर्नुपर्ने अन्तर्राष्ट्रिय अभ्यास छ र यो सडक-सडकपेटीसँग सम्बन्धित आधारभूत नियम हो। तर, काठमाडौंका केही सडकमा मात्र हिंड्न लायक सडकपेटी छन्। सडकपेटी रहेका स्थानमा समेत विभिन्न व्यवसायिक काम गर्ने, दुतावासको सुरक्षाको लागि भन्दै सडकपेटीमै सुरक्षाकर्मी पोष्ट राखेर बस्ने, घर बनाउँदा निर्माण सामग्री पेटी मै तेसार्ने, निजी घरमा मोटरसाइकल छिराउनको लागि प्लाटफर्म बनाउने, पसल वा घर छिर्नको लागि भर्याङ्ग बनाउने समेतका कार्यले सडकपेटी हुँदा समेत पैदलयात्रीको र समग्रमा सडक सुरक्षामा ठूलो प्रश्न चिह्न खडा भईराखेको छ।

स्थानिय सरकार सञ्चाल ऐन, २०७४ को दफा ८ (क)(३) मा नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका भनी वर्गिकृत हुन "...सडकपेटी..." हुनुपर्ने प्रष्ट व्यवस्था गरिएको छ। त्यस्तै, ऐ. ऐन को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार अन्तर्गत उपदफा २(ञ) मा स्थानियस्तरमा सरसफाई तथा फोहोरमैला व्यवस्थापन, उपदफा २(ट) मा स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ अन्तर्गत "यातायात सुरक्षाको व्यवस्थापन र नियमन गर्ने गराउने" दायित्व स्थानिय सरकारमा रहेकोमा सडकपेटी ओगटेर राखेको सम्पूर्ण वस्तुहरूलाई हटाउने, सोको विपरित कार्य गर्नेलाई कारवाही गर्ने लगायतका कुनै कदम नचालिएको बरु उल्टै आफैं सडकपेटी ओगटी फोहोर थुपारी बस्ने गरेको अवस्था छ।

यसरी सडकपेटी ओगटेमा त्यसलाई हटाउने र त्यस्तो गर्ने गराउनेलाई मुलुकी देवानी संहिता, २०७४ को दुष्कृतिसम्बन्धी व्यवस्था अन्तर्गत दायित्व व्यहोर्न बाध्य पार्न सकिने व्यवस्था भएतापनि निगरानी गर्नु पर्ने निकायले नै पेटी ओगट्ने कार्य गर्ने गरेका छन्।

विगतलाई नियालेर हेर्दा, मिति २०७५/७/१२ गते त्रि.वि. अगाडिको सडक छेउमा खुला छोडिएको ढलमा योग प्रशिक्षक साइकल चलाउँदा खसेर आफ्नो ज्यान गुमाउनु परेको, मिति २०७८/१०/९ गते चितवनमा बफरजोन छेउको बाटो निर्माण गर्न भनेर खनिएको खाल्डोमा परी दुर्लभ वन्यजन्तु गैंडाले ज्यान गुमाउनु परेको, मिति २०७८/६/८ गते काठमाडौंको कपनमा स्कूल बाट घर फर्किरहेको बालक खुला ढलमा खसेको घटना हामी माझ विदितै छ। खुला ढल वा सड़कपेटीमा खाल्डो छोड्दा मान्छे घाइते हुने वा ज्यान समेत गुमाउन सक्ने भएकाले यस्तो काम कारवाही गर्नेलाई नेपालको फौजदारी कानून बमोजिम कारवाही गरिनुपर्छ भने सम्बन्धित निकायले घटनाको जिम्मेवारी लिई पिडितलाई उचित क्षतिपूर्ति प्रदान गर्नुपर्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा ११५ ले कसैको ज्यान जान वा अङ्गभङ्ग हुन सक्ने खतरालाई रोक्न आवश्यक बन्दोवस्त नगरी वा त्यस्तो बन्दोवस्त गर्न लापर्वाही गरी घर निर्माण गर्ने, भत्काउने वा मर्मत गर्ने कार्य गरेमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ भनी प्रष्टसँग उल्लेख गरेको भएतापनि निर्माण सामाग्री बाटो वा पेटीमा तेर्साएर राख्नेलाई सम्बन्धित निकाय, प्रहरी वा नगरपालिकाले कुनै कारवाही गरेको पाइँदैन। त्यस्तै, मुलुकी अपराध संहिता, २०७४ को दफा १७८ ले कसैले कुनै काम गर्न साधारणतया मानिसको ज्यान जान सक्छ भन्ने जानीजानी त्यस्तो काम गर्नुहुँदैन भन्ने व्यवस्था गरेको छ। यसरी सडक र सडकपेटीमा खुल्ला खाल्डो छोडी कसैको जीउँ ज्यानमा क्षति भएमा पीडितलाई अप्रत्यक्ष दायित्व (vicarious liability) को सिद्धान्तबमोजिम क्षतिपूर्ति दिई त्यस्तो कार्य गर्ने व्यक्तिलाई अपराध संहिता बमोजिम कारवाही गर्ने प्रणाली बसाले मात्र कानूनको शासन स्थापना हुन्छ। यसरी दायित्व व्यहोर्नु पर्नेले Medical Expenses, Punitive Damages, Future Economic loss, Damages with respect to pain and anguish समेतको क्षतिपूर्ति व्यहोर्नु पर्ने भनी सम्मानित अदालतले स्पष्ट पारी जनताको सुरक्षामा समेत सुधार ल्याउनु आवश्यक छ।

विपक्षीहरुले ऐन कानून बमोजिम आफूले व्यहोर्नु पर्ने दायित्व नव्यहोर्दा, मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १७ अन्तर्गतको दुष्कृति सम्बन्धी बनेको कानून र सोले तोकेको उपचार प्रभावहीन भएको, मुलुकी अपराध संहिता, २०७४ बमोजिम कसुर गरेकाहरू समेतलाई सम्बन्धित निकायले कारवाही गर्न नसकेको, नेपालको संविधानको धारा ५, १६, ५१(ज)(१४) र नेपालको संविधान बमोजिम राज्यले कुनै प्रकारको विभेद नगरी आफ्नो

नागरिकलाई आधारभूत सुरक्षा दिनुपर्नेमा विभिन्न सरकारी एवम् निजी व्यक्तिहरुले सडकपेटी ओगटेर बस्ने गरेको कार्यले नेपालको संविधान, अन्तर्राष्ट्रिय सन्धी सम्झौताले प्रदान गरेको हक अधिकारलाई सुनिश्चितता दिन नसकेको हुँदा सडकपेटी ओगटेर राखेको प्रहरीको पोष्ट तत्काल हटाउन, सडकपेटी ओगटेर राखेको निर्माण सामग्री, घरमा मोटरसाइकल छिर्नको लागि बनाइएको प्लाटफर्म, घर पसलमा छिर्नको लागि पेटी ओगटेर बनाइएको भर्याङ्ग, कुनै पनि पसलले आफ्नो व्यवसाय वृद्धिको लागि सडकपेटी र सडक ओगटेर राखेको वस्तु समेत तत्काल हटाउन र कसैले सडकपेटी ओगटेको खण्डमा सोलाई तुरुन्त कारवाही गर्नु भनी उपयुक्त आदेश जारी गरी पाऊँ।

नेपालको संघीय कानूनबाट व्यवस्थित दुष्कृति सम्बन्धि व्यवस्था कार्यान्वयन हुन नसकेको, दुष्कृतिजन्य कार्य गर्ने गराउने व्यक्ति वा संस्थालाई दायित्व निर्वाह गराउनुपर्नेमा सम्बन्धित निकायबाट सो हुन नसक्दा नेपाली जनताकै सुरक्षामा ठूलो बाधा पैदा भएको हुँदा दुष्कृति गर्ने गराउनेलाई कारवाही गर्नू; पछि दुष्कृतिको मापदण्ड भन्दा माथि फौजदारी मापदण्डमा पर्न जाने अवस्था आएमा फौजदारी कानूनी प्रक्रिया बमोजिम नै कारवाही गर्नू; र दुष्कृति गर्ने गराउनेले पिडितलाई उचित क्षतिपूर्ति दिने र कुनै संस्थाको कामदारले लापरवाही तवरले काम गर्दा कसैको जिउ ज्यानमा क्षति परेको खण्डमा सो कामदारले गरेको कार्य फौजदारी न्याय अन्तर्गत पर्न जाने भएमा सो कामदारलाई फौजदारी कानून अन्तर्गत कारवाही गरिनु पर्ने र जुन संस्थामा सो कामदार आबद्ध छ सो संस्थालाइ देवानी कानून अन्तर्गत अप्रत्यक्ष दायित्व (Vicarious Liability) को सिद्धान्त बमोजिम ऐ. संस्थाको कामदारको लापरवाहीले गर्दा घटेको घटनाको कारण कसैको जिउ ज्यानमा भएको क्षतिबापतको क्षतिपूर्ति वहन गर्नुपर्ने भनी उपयुक्त आदेश जारी गरी पाउँ; र क्षतिपूर्तिको विवरण गर्दा Medical Expenses, Punitive damages, Future Economic Loss र Damages with respect to pain and anguish समेतलाई ध्यानमा राखि क्षतिपूर्ति निर्धारण गर्नु भनी उपयुक्त आदेश जारी गरि पाउँ भन्ने व्यहोराको रिट निवेदन।

२. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? माग बमोजिमको आदेश जारी हुनु नपर्ने भए सो को मनासिब, आधार कारण र भए सवुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५(पन्ध्र) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखितजवाफ पेश गर्नु भनी आदेश र निवेदनको प्रतिलिपी

समेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार गरी पेश गर्नू। साथै रिट निवेदनमा उठाइएका विषयवस्तुको प्रकृति र गम्भिरता हेर्दा शिघ्र निर्णय हुनु पर्ने प्रकृतिको आम नागरिकको जीउ ज्यानको सुरक्षा लगायतको विषयसँग सम्बन्धित सार्वजनिक सरोकारको विषय देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ७३ बमोजिम अग्राधिकार प्रदान गरिदिएको छ भन्ने व्यहोराको यस अदालतको मिति २०७९/१/५ को आदेश।

३. निवेदकले उठाएका वातावरण संरक्षण र जनस्वास्थ्यको विषयमा असहमति जनाउनु पर्ने अवस्था छैन, नेपालको संविधान बमोजिम यस महानगरपालिकाले आवश्यक निती, कानून र कार्यक्रम बनाएर जनतालाई निरन्तर सेवा प्रदान गरीरहेकोले महानगरपालिका आफ्नो संवैधानिक र कानूनी दायित्य तथा कर्तव्य प्रति प्रयाशरत रहेको छ। यस महानगरपालिकाले सडक र सडकपेटीको सुरक्षा र सुन्दरता कायम गर्न आफै वा विभिन्न संघ संस्थासँग मिलेर रुख विरुवा रोप्ने तथा सडकपेटीको बाटो मर्मत गर्ने कार्य निरन्तर गरी रहेकोले विगत ५ वर्ष अघिको तुलनामा अहिले उत्साहजनक सुधार भइरहेको छ। प्रहरी मुख्यालय, विदेशी दुतावास अगाडि थुपारिएका सामानको कारणले पैदल यात्रुलाई दुःख हैरानी भएको भन्ने सम्बन्धमा ती क्षेत्रहरूको स्याहार सम्भार संरक्षण गर्ने दायित्व यस महानगरपालिकाको नभएकोले स्पष्ट कारवाही गर्न नसकिएको हो। महानगर भित्र रहेका ८ मिटर वा सो भन्दा घटीका साना तथा गोरेटो सडकहरु बाहेकमा यस महानगरपालिकाको क्षेत्राधिकार छैन। देशको राजधानी शहर भएकोले यसै मुद्दाको व्याख्याको माध्यमबाट महानगरका सबै सडक, र सडकपेटीको रेखदेख, स्याहार सम्भार महानगरलाई हुने गरी व्यवस्था भएमा त्यस्तो व्यवस्था अन्तराष्ट्रिय अभ्यास अनुरुप पनि हुने र व्यवस्थित शहरीकरण तथा वातावरण संरक्षणको दृष्टिकोणले समेत उपयुक्त हुने व्यहोरा निवेदन सहित रिट निवेदकले उठाएका समस्याहरूको सिर्जना हाम्रो कारणले नभएको हुनाले हाम्रो हकमा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने व्यहोराको काठमाडौं महानगरपालिका कार्यालयकोतर्फबाट पेश भएको लिखित जवाफ।

४. नेपाल सरकार, गृह मन्त्रालय संविधान तथा कानूनको परिपालना गरी गराई कानूनी राज्यको अवधारणालाई साकार पार्ने र नागरिकका संविधान तथा कानून प्रदत्त मौलिक हक अधिकारको सम्मान संरक्षण एवं संवर्द्धन गर्न मन्त्रालय प्रतिबद्ध रहेको व्यहोरा अनुरोध छ। रिट निवेदन अध्ययन गर्दा, रिट निवेदनमा यस मन्त्रालयलाई विपक्षी बनाउनुपर्ने कुनै आधार र कारण

समेत उल्लेख भएको देखिँदैन। साथै, यस मन्त्रालयबाट रिट निवेदकको हक अधिकार हनन् हुने कुनै काम कारवाही समेत नभए नगरेको हुँदा वस्तुनिष्ठ आधार, कारण तथा प्रमाण बिना यस मन्त्रालयलाई समेत विपक्षी बनाई दायर भएको रिट निवेदन खारेज भागी हुँदा खारेज गरी पाउँ भन्ने व्यहोराको गृह मन्त्रालयको तर्फबाट पेश भएको लिखित जवाफ।

५. विपक्षी निवेदकले दावी लिनुभएको विषयमा यस शहरी विकास मन्त्रालयको के कस्तो संलग्नता रहेको हो? साथै, यस मन्त्रालयको के कस्तो कामकारवाही वा निर्णयवाट विपक्षीको संवैधानिक वा कानूनी अधिकारको हकमा हनन पुऱ्याएको हो? भन्ने सम्बन्धमा निवेदनमा कुनै कुरा उल्लेख भएको छैन। विपक्षी निवेदकले नै फोहोर व्यवस्थापन गर्ने जिम्मा महानगरको हो भनेर निवेदनमा उल्लेख गरिसक्नु भएको छ। प्रचलित कानून बमोजिम प्रदत्त स्थानीय तहको उक्त अधिकारमा संघीय सरकारले हस्तक्षेप गर्न मिल्दैन। विपक्षी निवेदकले उठाउनु भएको सडक कस्तो कत्रो बनाउने, पेटी कति छोड्ने, वा नछोड्ने भन्ने विषयमा "नेपाल सहरी सडक मापदण्ड, २०७६" स्वीकृत भै लागू भइसकेको र निवेदनमा उठाइएका अन्य विषयहरु नेपाल प्रहरीको पोष्ट कहाँ राख्ने, सशस्त्र प्रहरीका पोष्ट कहाँ राख्ने, विदेशी दुतावास/नियोगहरुलाई सूरक्षा दिने, नदिने विषय यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपरेको हुँदा प्रस्तुत झुठा व्यहोराको रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ भन्ने व्यहोराको शहरी विकास मन्त्रालयको तर्फबाट पेस भएको लिखित जवाफ।

## आदेश खण्ड

६. नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री नारायण घिमिरे र विद्वान् अधिवक्ता श्री सुधिज्ञ पन्त र श्री अनुपम भट्टराईले गर्नुभएको बहस सुनियो। प्रत्यर्थीहरू गृह मन्त्रालय र शहरी विकास मन्त्रालयका तर्फबाट उपस्थित हुनुभएका विद्वान उपन्यायाधिवक्ता श्री शान्ती न्यौपानेले गर्नुभएको बहस सुनियो। प्रत्यर्थी काठमाण्डौं महानगरपालिकातर्फबाट कुनै कानून व्यवसायी उपस्थित हुनु भएन।

७. प्रस्तुत रिट निवेदन व्यहोरा अध्ययन गर्दा, प्रत्यर्थीहरूले काठमाडौं महानगरपालिकाभित्र सडकपेटीको प्रयोगमा विभिन्न निकाय तथा संस्थाहरूले खडा गरेको बाधाव्यवधान हटाउन कुनै कार्य नगरेको र निजहरूले सडकपेटी व्यवस्थापन गर्न नसकेकोले सडकपेटी भएको स्थानमा ढल खुला गरिएको ठाउँमा दुर्घटना हुँदा आमजनताले दुःखसास्ती भोग्नुपरेको विषय

निवेदनको मुख्य विषयवस्तुको रूपमा रहेको देखिन्छ। प्रस्तुत रिट निवेदनको मागदाबीतर्फ विचार गर्दा, सडक पेटी व्यवस्थापन र पैदलयात्रुको सुरक्षाका सम्बन्धमा दुई बुँदे मागदाबी लिई निवेदन दायर भएको देखियो। निवेदनको प्रकरण नं. १७ को बुँदा (क) मा निजी व्यक्ति, संस्था वा सरकारी निकायबाट भएको सडकपेटी अतिक्रमण हटाउने सम्बन्धमा प्रत्यर्थीहरूका विरुद्धमा उपयुक्त आदेश माग गरिएको देखियो।[१] त्यस्तै, ऐ. प्रकरणको बुँदा (ख) मा सडकपेटी अतिक्रमण गरेको वा सडकपेटी व्यवस्थापन गर्ने जिम्मेवारी वहन नगरेका कारण पैदलयात्रुले जीउ, धनको क्षति व्यहोर्नु परेको अवस्थामा सम्बन्धित व्यक्ति, संस्था वा कार्यालयले वहन गर्नुपर्ने फौजदारी वा दुष्कृतिजन्य दायित्व एवम् क्षतिपूर्ति वहन गर्ने गराउने सम्बन्धमा उपयुक्त आदेश जारी गरिपाउँ भनी माग गरिएको देखियो।[२] सोसम्बन्धमा काठमाडौं

---

१ रिट निवेदनको प्रकरण नं. १७, बुँदा नं. (क): नेपालमा सवारीको चाप दिनप्रतिदिन बढ्दै गइरहेको, सवारी चाप बढ्दै जाँदा पैदलयात्री र ट्राफिकको सुरक्षामा समयकालीन कार्यविधि अपनाई सुरक्षाको मापदण्ड विकास गर्दै लानुपर्ने दायित्व सम्बन्धित सरकारी निकायको भएको। सो निकायले कोहि कसैले पैदलयात्रीको सुरक्षामा कुनै बाधा ल्याएमा समेत दुष्कृतिको कानून बमोजिम कार्वाही गर्नु पर्ने दायित्व रहेकोमा सडक पेटीमा पैदल यात्रीलाई सो पेटी बाट हिंड्नै नमिल्ने गरि थुपारेको फोहोर, निर्माण कार्यको सामान जस्ता वस्तुहरूले पैदल यात्रीको सुरक्षामा ठूलो खतरा ल्याइरहँदा समेत महानगर चुपचाप बसिराखेको यथार्थ हामी सामु नै छ। त्यस्तै, अन्य सरकारी निकायले सडकमा हिंड्ने पैदल यात्रीको उचित सुरक्षाको लागि आवश्यक कदम चाल्नुपर्नेमा उल्टै गृह मन्त्रालयकै अन्तर्गतको सशस्त्र प्रहरीले पेटी ओगटेर पोष्ट राख्ने, नेपाल प्रहरीले पेटी नै मास्ने, प्रहरीकै बरबर पेटी मिच्दा कुनै कामकारवाही नगर्ने हुँदा यसले सडकपेटीमा पैदलयात्री हिंड्नै नमिल्ने अवस्था भैरहेको छ भने यसले समग्रमा संविधान र नेपालले अनुमोदन गरेको अन्तर्राष्ट्रिय सन्धी सम्झौता बमोजिम, पैदलयात्री र सवारी चालक दुबैको सुरक्षा राज्यको दायित्व र जनताको हक अधिकार भएको भनेकोमा सो हक अधिकारलाई कुनै सुनिश्चितता प्रदान गर्न नसकिराखेको हुँदा, तत्काल यसको समाधान गर्नुपर्ने भएको र संविधानले यस सम्माननीय अदालतलाई यस समस्याको समाधान गर्न अधिकार प्रत्यायोजन गरेको हुँदाः

(१) सडकपेटी ओगटेर राखेको प्रहरीको पोष्ट तत्काल हटाउन उपयुक्त आदेश जारी गरिपाउँ।

(२) सडकपेटी ओगटेर राखेको निर्माण सामग्री, घरमा मोटरसाइकल छिर्नको लागि बनाइएको प्लाटफर्म, घर पसलमा छिर्नको लागि पेटी ओगटेर बनाइएको भर्याङ्ग, कुनै पनि पसलले आफ्नो व्यवसाय वृद्धिको लागि सडकपेटी र सडक ओगटेर राखेको वस्तु समेत तत्काल हटाउन उपयुक्त आदेश जारी गरिपाउँ।

(३) कसैले सडकपेटी ओगटेको खण्डमा सोलाई तुरुन्त कारवाही गर्नु भनी उपयुक्त आदेश जारी गरिपाउँ।

२ रिट निवेदनको प्रकरण नं. १७, बुँदा नं. (ख): नेपालको संघीय कानूनले पहिचान गरेको तर कार्यान्वयनमा ल्याउन नसकेको दुष्कृति सम्बन्धी व्यवस्था बमोजिम कुनै काम गर्ने गराउने व्यक्ति वा संस्थाले सो काम सँग जडित दायित्व समेत व्यहोर्नु पर्ने व्यवस्था हुँदा समेत सम्बन्धित निकाय, जसले सो दायित्व निर्वाह भएको छ छैन हेर्ने र दायित्व निर्वाह नगर्नेलाई समेत कारवाही गर्नुपर्नेमा उल्टै आफै मनमानी गर्दै दायित्व निर्वाह नगरिरहँदा नेपाली जनताकै सुरक्षामा ठूलो बाधा पैदा भएको हुँदा दुष्कृति गर्ने गराउनेलाईः

(१) कार्वाही गर्ने — पछि दुष्कृतिको मापदण्ड भन्दा माथि फौजदारी मापदण्डमा पर्न जाने अवस्था आएमा फौजदारी कानूनी प्रक्रिया बमोजिम नै कारवाही गर्नु भनी उपयुक्त आदेश जारी गरिपाउँ।

(२) दुष्कृति गर्ने गराउनेले पीडितलाई उचित क्षतिपूर्ति दिने र कुनै संस्थाको कामदारले लापरवाही तवरले काम गर्दा कसैको जिउ ज्यानमा क्षति परेको खण्डमा सो कामदारले गरेको कार्य फौजदारी न्याय अन्तर्गत पर्न जाने भएमा

महानगरपालिका भित्रका सडक ८ मिटर भन्दा ठूला चौडाईको रहेका र त्यस्तो सडकमा आफ्नो क्षेत्राधिकार नहुने हुँदा आफ्नो कारणले रिट निवेदकले उठाएका समस्याहरू सिर्जना नभएकाले आफ्नो हकमा रिट निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको काठमाडौं महानगरपालिकाको तर्फबाट लिखित जवाफ पेस भएको देखियो। त्यस्तै, रिट निवेदनमा अभिव्यक्त विषयवस्तु आफूसँग सम्बन्धित नरहेको र सडकपेटी व्यवस्थापन सम्बन्धी विषय आफ्नो कार्यक्षेत्र अन्तर्गत पर्ने नहुँदा रिट निवेदन खारेजभागी छ भन्ने समानार्थी व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ प्रत्यर्थीहरू गृह मन्त्रालय र शहरी विकास मन्त्रालयका तर्फबाट पेस भएको देखियो। अर्का प्रत्यर्थी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयकातर्फबाट कुनै लिखित जवाफ पेस भएको देखिएन।

८. उपर्युक्तानुसारको तथ्य, निवेदन जिकिर एवम् लिखित जवाफ रहेको प्रस्तुत निवेदनमा बहस सुनी निर्णयतर्फ विचार गर्दा, देहाय बमोजिमका प्रश्नहरू निरुपण गरी निर्णय दिनुपर्ने हुन आयोः

क. **नेपालको संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने मौलिक हक अन्तर्गत सडकपेटी प्रयोग सम्बन्धी के-कस्ता अधिकारहरू अन्तर्निहित रहेका छन्? तत्सम्बन्धमा नेपालको संविधान एवम् कानूनी व्यवस्थाहरू अनुसार प्रत्यर्थीउपर के-कस्तो दायित्व निक्षेप गरिएको छ?**

ख. **अव्यवस्थित सडकपेटी, खुला ढल वा सडक वा सडकपेटीमा खडा गरिएका अवरोध वा मानव निर्मित संरचनाका कारण कुनै व्यक्तिले जीउ धनको क्षति व्यहोर्नुपरेको अवस्थामा दुष्कृति सम्बन्धी कानून आकर्षित हुन्छ हुँदैन? सरकारी निकायको अकर्मण्यताका कारण कुनै व्यक्तिले त्यस्तो क्षति व्यहोर्नु परेको अवस्थामा लागू हुने सार्वजनिक दुष्कृति**

---

सो कामदारलाई फौजदारी कानून अन्तर्गत कारवाहि गरिनु पर्ने भने जुन संस्थामा सो कामदार आवद्ध छ, सो संस्थालाई देवानी कानूनी अन्तर्गत vicarious liability को सिद्धान्त बमोजिम ऐ. को कामदारको लापरवाहीले गर्दा घटेको घटनाको कारणले कसैको जिउ ज्यानमा भएको क्षति बापतको क्षतिपूर्ति वहन गर्नुपर्ने भनी उपयुक्त आदेश जारी गरिपाउँ।

(३) क्षतिपूर्तिको विवरण गर्दाः

(क) Medical Expense

(ख) Punitive Damages

(ग) Future Economic Loss

(घ) Damages with respect to pain and anguish.

समेतलाई ध्यानमा राखी क्षतिपूर्ति निर्धारण गर्नुपर्ने भनेर उपयुक्त आदेश जारी गरिपाउँ।

**(Public Tort) को मूल्यमान्यतालाई मुलुकी देवानी संहिता, २०७४ को भाग-५ परिच्छेद-१७ को दुष्कृति सम्बन्धी व्यवस्थाले अङ्गिकार गरेको छ छैन?**

ग. **निवेदन मागदाबी बमोजिम आदेश जारी हुनुपर्ने हो होइन?**

९. माथि उल्लिखित प्रश्नहरूका सम्बन्धमा विवेचना गर्नुअघि सर्वप्रथमतः रिट निवेदनमा उठाइएको विषयवस्तुको गाम्भिर्य एवम् सार्वजनिक महत्त्वका सम्बन्धमा चर्चा गर्नु आवश्यक देखिन्छ। प्रस्तुत रिट निवेदनमा मिति २०७५/७/१२ मा खुला छोडिएको ढलमा खसी एक साइकल यात्रीले ज्यान गुमाउनुपरेको, मिति २०७८/१०/९ मा बाटो निर्माणका क्रममा खनिएको खाल्डोमा परी दुर्लभ वन्यजन्तु गैंडाले ज्यान गुमाएको र मिति २०७८/६/८ मा बर्षाको मौसममा खुला ढलमा बालक खसी ज्यान गुमाउनु परेको घटना विवरणहरू उल्लेख गर्दै सडक सुरक्षा, विभिन्न निकायद्वारा सडकपेटीको प्रयोगमा खडा गरिएको बाधाव्यवधान, सडकपेटी र ढलको कमजोर व्यवस्थापनबाट सर्वसाधारणले व्यहोर्नुपरेको जनधनको क्षति लगायतका विषयको गाम्भीर्यलाई केही प्रतिनिधी घटना-समाचारहरूको उद्दरण मार्फत् उजागर गर्न खोजिएको देखिन्छ। त्यस्तै, निवेदन संलग्न कागजात एवम् तस्वीरहरूबाट समेत काठमाडौं महानगरका विभिन्न स्थानहरूमा सडकपेटी मिचिएको वा सडकपेटीको निर्बाध प्रयोगमा बाधाव्यवधान खडा भइरहेको कुरा तथ्यपरक रहेको पुष्टि हुन्छ। सडकपेटीको प्रयोगमा बाधाव्यवधान खडा हुँदा पैदलयात्रुहरू सडक छेउबाट हिंड्न बाध्य भएको र त्यसरी सडकपेटी बाहिरबाट हिंड्दा सवारी साधनको ठक्करबाट समेत गम्भीर चोटपटक वा ज्यान जानेसम्मको दुर्घटना हुनसक्ने जोखिम रहन्छ। Nepal Demographic and Health Survey 2022 का अनुसार नेपालमा प्रति एक लाख जनसंख्यामा प्रति वर्ष १४ जनाको मृत्यु सडक सवारी दुर्घटनाबाट हुने गरेको छ जसमध्ये ५ प्रतिशत पैदलयात्रु रहने गरेका छन्।[३] मृत्यु हुने पैदलयात्रुहरूमा अधिकांश बालबालिका रहेको तथ्यांकले बताउँछ।[४] यसरी निवेदनमा उद्धरित घटना व्यहोरा एवम् राष्ट्रिय तथ्यांकहरू समेतबाट सडकपेटी र ढल व्यवस्थापनमा उचित ध्यान नपुऱ्याउँदा विगतमा मानिसको ज्यान जानेसम्मको परिणाम निम्तिएको र प्रत्यर्थीहरूले आफ्नो जिम्मेवारी पन्छ्याई राखे हो भने उक्त घटनाहरू पुनः दोहोरिई सर्वसाधारणको जीउँधनमा अपूरणीय क्षति पुग्नेमा शंका छैन।

---

[३] Nepal Demographic and Health Survey, 2022, p. 483.

[४] Nepal Demographic and Health Survey, 2002, p. 486.

१०. प्रस्तुत रिट निवेदनमा उठाइएको विषय मानव जीवन र जीउ ज्यानको सुरक्षासँग प्रत्यक्ष रूपमा गाँसिएको हुँदा नेपालको संविधानको धारा १६ द्वारा प्रत्याभुत गरिएको सम्मानपूर्वक बाँच्न पाउनुपर्ने हकसँग सम्बन्धित रहेकोमा विवाद छैन। साथै, कुनै व्यक्ति, संस्था वा कार्यालयले सडकपेटी अतिक्रमण गरेको वा सार्वजनिक निकायले ढल तथा सडकपेटी व्यवस्थापन गर्ने सम्बन्धमा कर्तव्य वहन नगरेका कारण कुनै व्यक्तिले जीउँ धनको क्षति व्यहोर्नु पर्दा, त्यस्तो व्यक्ति, संस्था वा कार्यालयले कुनै प्रकारको दुष्कृतिजन्य दायित्व व्यहोर्नु पर्छ पर्दैन? भन्ने कानूनी प्रश्नसमेत निवेदनमा उठाइएको एवम् सो सम्बन्धमा बहसको क्रममा नोट पेस भएको देखिन्छ। उक्त कानूनी प्रश्नको निरुपण गर्नु यस अदालतको दायित्व रहनुका साथै रिट निवेदनमा उठाइएको विषयवस्तु नेपाली जनमानसको सार्वजनिक हक वा सरोकारसँग जोडिएको हुँदा नेपालको संविधानको धारा १३३(२) बमोजिम यस अदालतको अधिकारक्षेत्र अन्तर्गत पर्ने नै देखिन्छ। साथै, नागरिकको जीवन र सुरक्षा लगायतका नेपालको संविधानप्रदत्त मौलिक हकको संरक्षण गर्नु यस अदालतको संवैधानिक कर्तव्य हुने भएकाले प्रस्तुत निवेदनमा उठाइएका विषयहरूको निरुपण गर्नबाट यस अदालतले पन्छिन मिल्दैन। तसर्थ, सडकपेटीको प्रयोगमा बाधाव्यवधान खडा हुँदा पैदलयात्रुहरू सडक छेउबाट हिंड्न बाध्य भएको र त्यसरी सडकपेटी बाहिरबाट हिंड्दा सवारी साधनको ठक्करबाट समेत गम्भीर चोटपटक वा ज्यान जानेसम्मको दुर्घटना हुनसक्ने विषय उठाई सोको निवारणका लागि यस अदालतमा दायर भएको प्रस्तुत रिट निवेदनलाई गम्भीरता एवम् संवेदनशीलतापूर्वक विचार गर्नु यस अदालतको संवैधानिक दायित्वका दृष्टिले समेत उपयुक्त देखिन्छ।

११. अब **"नेपालको संविधान प्रदत्त मौलिक हक अन्तर्गत सडकपेटी व्यवस्थापन सम्बन्धी के-कस्ता पक्षहरू अन्तर्निहित रहेका छन्? तत्सम्बन्धमा नेपालको संविधान एवम् कानूनी व्यवस्थाहरू अनुसार प्रत्यर्थी उपर के-कस्तो दायित्व निक्षेप गरिएको छ?" भन्ने पहिलो प्रश्नतर्फ विचार गर्दा,** प्रस्तुत रिट निवेदन मूलतः सम्मानपूर्वक बाँच्न पाउने हक र आवतजावतको स्वतन्त्रताको हकसँग सम्बन्धित रहेको देखिन्छ। नेपालको संविधानको धारा १६ र धारा १७ को उपधारा (२) को खण्ड (ङ) मा क्रमशः प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक र नेपालको कुनै पनि भागमा आवतजावत र बसोबास गर्ने स्वतन्त्रताको हक प्रत्याभूत गरिएको छ। धारा १६ मा व्यवस्थित सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत कुनै पनि व्यक्तिको भौतिक शरीर र सम्पूर्ण अङ्ग, प्रत्यङ्गसहित आफ्नो पहिचान र आत्मसम्मान कायम राख्दै सम्मानपूर्वक बाँच्न

पाउने हक पर्दछ।[५] सडक वा सडकपेटीमा खडा गरिएका अवरोध वा कुनै मानव निर्मित संरचनाका कारण पैदलयात्रुले सडक छेउमा हिँड्न बाध्य भई दुर्घटनाको शिकार हुनुले निश्चय पनि मानव जीवनमा क्षति पुऱ्याउने तथा सामान्य नागरिकको जीउ ज्यानको सुरक्षामा अवरोध सिर्जना हुने हुँदा उक्त विषय नेपालको संविधानको धारा १६ र धारा १७ मा व्यवस्थित मौलिक हकसँग सम्बन्धित रहेकोमा विवाद छैन।

१२. मौलिक हकको संरक्षण गर्नू राज्यका प्रत्येक निकाय एवम् संघीय इकाईको कर्तव्य हुन आउँछ। मौलिक हकहरू मध्ये पनि सर्वोपरी मानिएका बाँच्न पाउनुपर्ने एवम् स्वतन्त्रताको अधिकारको संवेदनशीलता झनै बढि हुने गर्दछ। विषम अवस्थामा समेत अहरणिय मानिने यी मौलिक हकहरूको प्रचलनमा राज्यका निकायहरू गम्भीर नहुनु दुःखद छ। सुरक्षित सडकपेटीको व्यवस्था बिना पैदलयात्रुको बाँच्न पाउने मौलिक हकको सुरक्षा सम्भव हुन सक्दैन। सडकपेटी भएको ठाउँमा सार्वजनिक निकायबाटै जथाभावी अतिक्रमण हुनुले उक्त हकको प्रचलनमा अवरोध पैदा गरेको छ। यिनै वास्तविकतालाई मध्येनजर गर्दै सम्मानपूर्वक बाँच्न पाउने हकको विकसित विधिशास्त्रीय मान्यता अन्तर्गत पैदलयात्रुको सुरक्षा सम्बद्ध विषय र सुरक्षित सडकपेटीको प्रयोग गर्न पाउने अधिकारलाई अङ्गिकार गरिएको पाइन्छ। उदाहरणका लागि, भारतीय सर्वोच्च अदालतले *S. Rajseekaran v. Union of India and Ors.* को मुद्दामा एक आदेश जारी गर्दै सुव्यवस्थित सडकपेटी र पैदलयात्रुले त्यस्तो सडकपेटी निर्वाध रूपमा प्रयोग गर्न पाउने अधिकारलाई बाँच्न पाउने हकको तत्त्ववस्तुको रूपमा स्वीकार गरेको देखिन्छ।[६] त्यस्तै, *Olga Tellis & Ors. vs. Bombay Municipal Corporation & Ors.*[७]

---

[५] हेर्नुहोस्, संविधान सभामा पेस भएको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति, प्रारम्भिक मस्यौदा, प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी, पृष्ठ १३।

[६] हेर्नुहोस्, *S. Rajseekaran v. Union of India and Ors.*, W.P.(C) No. 295/2012, Supreme Court of India (14.04.2025) (Right from the decision of this Court in the case of *Olga Tellis & Ors. vs. Bombay Municipal Corporation & Ors.,* this Court has recognized that the right of pedestrians to use footpaths or footways is guaranteed under Article 21 of the Constitution of Inia. The right to have footpaths or footways which are in good condition is certainly an essential part of Article 21 of the Constitution of India. If there is no provision made for proper footpaths or footways, the pedestrians will be forced to walk on the roads which will pose danger and which many lead to accidents.).

[७] हेर्नुहोस्, *Olga Tellis & Ors. vs. Bombay Municipal Corporation & Ors.* (1985) 3 SCC 545 (In the first place, footpaths or pavements are public properties which are intended to serve the convenience of the general public. They are not laid for private use and indeed, their use for a private purpose frustrates the very object for which they are carved out from portions of public streets. The main reason for laying out pavements is to ensure that the pedestrians are able to go about their daily affairs with a reasonable measure of safety and security. That facility, which has matured into a right of the pedestrians, cannot be set at naught by allowing encroachments to be made on the pavements.).

को मुद्दामा सडकपेटीको मूख्य प्रयोजन नै पैदलयात्रुलाई सुरक्षा प्रदान गर्ने हुँदा सडकपेटी अतिक्रमण गरी पैदलयात्रुको अधिकार निस्तेज गर्न नमिल्ने भनी न्यायिक व्याख्या समेत गरिएको पाइन्छ।

१३. नेपालको संविधानको धारा १६ मा प्रत्याभूत गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत पनि यिनै अन्तर्वस्तुहरू विद्यमान रहेका छन्। सडकपेटी नहुँदाको अवस्थामा पैदलयात्रुले सडकमा हिंड्न बाध्य भई सडकमा गुड्ने सवारी साधनबाट सदैव त्रसित रहनुपर्ने एवम् दुर्घटनाको शिकार भई जीउ ज्यानको क्षति व्यहोर्नुपर्ने अवस्था रहेसम्म पैदलयात्रुको आवतजावतको स्वतन्त्रता एवम् सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति हुन सक्दैन। पैदलयात्रुको शारीरिक सुरक्षाका लागि सुव्यवस्थित सडकपेटीको विकल्प छैन। व्यवस्थित सडकपेटीको प्रयोग गर्न पाउने अवस्था भएमा दिनानुदिन बढ्दो सडक सुरक्षाका जोखिमहरूलाई सहजै न्यूनिकरण गरी पैदलयात्रुको सम्मानपूर्वक बाँच्न पाउने हकको प्रचलन गराउन सकिन्छ। अर्को अर्थमा, नेपालको संविधानको धारा १६ मा प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत सडकेटपेटीमा निर्वाध एवम् सहज रूपमा हिंड्न पाउने पैदलयात्रुको अधिकार समेत पर्दछ। पैदलयात्रुको यस हकको प्रचलनका लागि अनतिक्रमित एवम् व्यवस्थित सडकपेटीको सुनिश्चितता अनिवार्य रहेको छ। साथै, सडकपेटीको उचित व्यवस्थापन बिना पैदलयात्रुले भयरहित एवम् सहज रूपमा हिंड्डुल गर्न वा आवतजावत गर्ने कार्यमा अवरोध सिर्जना हुने हुँदा स्वभाविकतः धारा १७ बमोजिमको आवतजावतको स्वतन्त्रताको हकको प्रचलनमा वञ्चना हुने देखिन्छ।

१४. नेपालको संविधानमा संवैधानिक न्यूनतम (constitutional minimum) को रूपमा रहेका सम्मानपूर्वक बाँच्न पाउने हक र आवतजावतको स्वतन्त्रताको संरक्षण र संवर्द्धन गर्नेतर्फ राज्य कर्तव्यपरायण रहनु आवश्यक छ। सोसम्बन्धमा नेपालको संविधानको भाग-४ अर्थात् **"राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व"** का व्यवस्थाहरू सान्दर्भिक देखिन्छन्। नेपालको संविधानको धारा ५० मा व्यवस्थित निर्देशक सिद्धान्तहरू अन्तर्गत उपधारा (१) मा ***"नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गर्ने"*** राजनीतिक उद्देश्य हुने भनी उल्लेख भएको देखिन्छ। त्यस्तै, धारा ५१ को देहाय (ज) को बुँदा नं. १४ मा *"यातायात सुविधामा नागरिकहरूको सरल, सहज र समान पहुँच सुनिश्चित गर्दै यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई*

*प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई **सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने**"* राज्यको नीति हुने भनी उल्लेख भएको देखिन्छ। नेपालको संविधानमा उल्लिखित यी निर्देशक सिद्धान्त तथा राज्यका नीतिसम्बन्धी व्यवस्थाहरूले पैदलयात्रुको सडकपेटीमा निर्वाध रूपमा हिंड्न पाउने हक अधिकारको प्रचलन सम्बन्धमा मौलिक हकको व्यवस्थालाई समपुरकता प्रदान गरेको देखिन्छ। उक्त मौलिक हकको संरक्षण, निर्देशक सिद्धान्तको अनुशरण तथा राज्यको नीति कार्यान्वयन राज्यले निर्वहन गर्नुपर्ने संवैधानिक दायित्वको रूपमा रहने हुँदा पैदलयात्रुको जीउ, धन र सुरक्षाका सम्बन्धमा उचित प्रबन्ध गरी सडकपेटी व्यवस्थापन मार्फत् मौलिक हकको प्रचलन गर्नु गराउनु राज्यको दायित्व हुने नै देखियो।

१५. निर्वाध रूपमा सडकपेटी प्रयोग गर्न पाउने पैदलयात्रुको अधिकार सम्बद्ध राज्यका दायित्वहरूका सम्बन्धमा अन्तर्राष्ट्रिय सन्धी एवम् संयुक्त राष्ट्र संघको महासभाबाट पारित प्रस्तावहरूमा केहि दृष्टान्त भेटिन्छन्। उदाहरणका लागि, १९६८ मा पारित सडक यातायात सम्बन्धी भियना सन्धीमा "It shall be prohibited to install on pavements and verges devices or equipment which might unnecessarily obstruct the movement of pedestrians particularly elderly or disabled persons"[८] अर्थात् वृद्ध एवम् अपाङ्गता भएका व्यक्तिहरू लगायतका पैदलयात्रुको आवतजावतमा अवरोध सिर्जना गर्ने गरी सडकपेटीमा संरचना निर्माण गर्न प्रतिबन्ध लगाउनुपर्ने भनी उल्लेख भएको देखिन्छ। उक्त सन्धीको पक्ष राष्ट्रको रूपमा नेपाल रहेको नभएतापनि उल्लिखित व्यवस्थालाई अन्यत्र विकसित भएको सडकपेटी व्यवस्थापन सम्बन्धमा राज्यलाई तोकेको दायित्वलाई नेपालको संविधानको धारा १२६ अन्तर्गत अनुशरणीय गर्न योग्य मान्न सक्ने नै देखिन्छ। त्यस्तै, संयुक्त राष्ट्र संघको World Bicycle Day प्रस्तावको बुँदा नं. ४ ले यातायात पूर्वाधारको योजना तथा डिजाइन गर्दा पैदलयात्री तथा साइकल यात्री समेतको सुरक्षा, संरक्षण र प्रबर्द्धन गर्नुपर्ने कुरामा पक्ष राष्ट्रहरूको दायित्व हुने कुरालाई जोड दिएको देखिन्छ।[९]

---

[८] हेर्नुहोस्, Convention on Road Traffic, Economic Commission for Europe, Inland Transport Committee, Art. 4 (d) (iii), Done at Vienna on 8 November 1968, E/CONF.56/16/Rev.1/Amend.1

[९] United Nations General Assembly, World Bicycle Day, Resolution Adopted by the General Assembly on 12 April 2018, A/Res/72/272, p. 2. (Also encourages Member States to improve road safety and integrate it into sustainable mobility and transport infrastructure planning and design, in particular through policies and measures to actively protect and promote pedestrian safety and cycling mobility, with a view to broader health outcomes, particularly the prevention of injuries and non-communicable diseases).

१६. त्यस्तै, सडक तथा यातायात सम्बन्धी प्रचलित नेपाल कानूनमा सडकपेटीबाट हिंड्ने विषयलाई पैदलयात्रुहरूको कर्तव्यको रूपमा प्रस्तुत गरिएबाट समेत सडक सुरक्षाको अभिन्न पक्षको रूपमा सडकपेटीको गहनतम् महत्त्व रहेको प्रष्ट छ। उदाहरणका लागि, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३६ मा उल्लिखित *"मानिस हिंड्ने पेटी भएको सडकमा मानिसहरू सो पेटीबाट नै हिंड्नु पर्ने"* भन्ने व्यवस्थालाई लिन सकिन्छ। पेटीबाट हिंड्दा सडक दुर्घटनाको जोखिम मोल्नु पर्ने नहुँदा सडक सुरक्षा कायम गर्न पनि यसप्रकारको कर्तव्य पैदलयात्रुमा निक्षेप गरिएको देखिन्छ। खासगरी, उच्च जनघनत्त्व भएका शहरहरूको सडक सुरक्षामा सुव्यवस्थित र अनतिक्रमित सडकपेटीको महत्त्व झनै बढि रहेको छ। व्यस्त ट्राफिक भएको सडकहरूमा सडकपेटी नभएको अवस्थामा सडकबाट हिंड्नुपर्ने भएमा पैदलयात्रुको जीउ ज्यानलाई अत्यधिक जोखिम रहन्छ। यसप्रकारका सडकहरूमा अनिवार्य रूपमा सडकपेटीको निर्माण गर्नुका साथै राज्यले पूर्ण रूपमा सडकपेटी अतिक्रमणका कार्यहरूलाई निस्तेज गर्नुपर्दछ। नेपालको शहरी सडक मानक, २०७६ का अनुसार पनि "Footpaths are provided to promote safe and comfortable pedestrian mobility… Footpaths are critical elements of streetscape unless traffic calming makes footpath unnecessary." अर्थात् सडकपेटीले सुरक्षित एवम् सुविधाजनक पैदलयात्रु आवतजावतको प्रवर्द्धन गर्ने हुँदा व्यस्त सडकहरूमा जीवनको सुरक्षाका लागि अपरिहार्य तत्त्वको रूपमा सडकपेटी रहेको हुन्छ भनी उल्लेख गरिएको देखिन्छ। यिनै विषयलाई मध्येनजर गर्दै शहरी यातायात व्यवस्थापन प्राधिकरण ऐन, २०७९ को दफा ५ को उपदफा (१) मा एकीकृत यातायात प्रणालीको विकास गर्ने सम्बन्धमा स्थापित सार्वजनिक यातायात प्राधिकरणको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ब) मा "पैदल यात्री, साइकल यात्री तथा अपाङ्गता भएका व्यक्तिलाई सहज हुने गरी सडक व्यवस्थापनको लागि सम्बन्धित निकायसँग समन्वय गर्ने" भनी जिम्मेवारी निक्षेप गरिएको देखिन्छ।

१७. राष्ट्रिय नीतिहरूमा समेत पैदलायात्रु सुरक्षाका सम्बन्धमा राज्यले निर्वाह गर्नुपर्ने जिम्मेवारीहरू उल्लेख गरी नितिगत लक्ष्य तय गरिएको पाइन्छ। दिगो विकासको लक्ष्य ११ अन्तर्गत सन् २०३० सम्म सडक सुरक्षामा सुधार सहितको सार्वजनिक यातायातको विस्तारद्वारा सुरक्षित, क्षमताले धान्नसक्ने, पहुँचयोग्य र दिगो यातायात प्रणालीहरूमा सबैको पहुँच कायम गर्ने परिमाणात्मक लक्ष्य बोकिएको देखिन्छ। त्यस्तै, राष्ट्रिय जलवायू परिवर्तन नीति, २०७६ को बुँदा ८.४ को देहाय (च) मा शहरी क्षेत्रका सडकहरू निर्माण गर्दा पैदल मार्ग र साइकल

लेनको व्यवस्था गरिने नितीगत वाचा गरिएको छ। सोह्रौं आवधिक योजनाको कार्यान्वयनका लागि बनाइएको कार्यान्वयन कार्ययोजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६) मा पनि *"सडक सुरक्षाको लागि आवश्यक उपायहरूको अवलम्बन गरी सडक दुर्घटना न्यूनीकरण गर्ने, सडक यातायात पूर्वाधारको डिजाइन तथा निर्माणलाई सबै प्रकारका अपाङ्गता एवम् अशक्तहरूको लागि सहज बनाउने गरी"* कार्यान्वयन गर्नु आवश्यक रहेको भनी उल्लेख गरिएको देखिन्छ। यसरी विभिन्न राष्ट्रिय निती एवम् योजनाहरूले पैदलयात्रुको सुरक्षा एवम् सडकपेटीको आवश्यकतालाई मध्येनजर गर्दै राज्यले सो सम्बन्धमा चाल्नुपर्ने आवश्यक कदमहरूका लागि मार्गनिर्देश गरेको देखिन्छ। साथै, यस अदालतले ***तारालाल श्रेष्ठ समेत वि. प्रधानमन्त्री मन्त्रिपरिषद्को कार्यालय (०७९-WO-०४९०) को मुद्दामा*** सडक सुरक्षामा साइकल लेनको व्यवस्थापन सम्बन्धमा उल्लेख गरेका प्रसङ्ग एवम् जारी गरेका निर्देशनहरू सडकपेटी व्यवस्थापनका सम्बन्धमा समेत त्यत्तिकै सान्दर्भिक रहेका छन्। उक्त निर्देशनहरूलाई समेत आत्मसात गर्दै एकीकृत सडक सुरक्षा कार्यक्रम सञ्चालन गरी पैदलयात्रु समेतको सुरक्षा लगायत सम्मानपूर्वक बाँच्न पाउने हकको संरक्षण गर्दै संवैधानिक दायित्व निर्वहन गर्नेतर्फ प्रत्यर्थीहरूले हरसम्भव प्रयास गर्नु अपेक्षित देखिन्छ।

१८. यसरी पैदलयात्रुको सडक सुरक्षाका सम्बन्धमा राज्यले संवैधानिक, कानूनी एवम् नीतिगत प्रबन्ध एवम् प्रतिबद्धता गरेको भएतापनि मुलुकको राजधानीभित्रै पनि सो सम्बन्धमा न्यूनतम भौतिक व्यवस्था गरिएको देखिँदैन। बाँच्न पाउने मौलिक हकको प्रचलनका लागि खासगरी सहरका व्यस्त सडकहरूमा सडकपेटीको निर्माण गर्नु आवश्यक त छ नै सडकपेटी रहेको स्थानमा अतिक्रमण रोकी भईरहेको सडकपेटीको उपयोग गर्ने व्यवस्था मिलाउनु अपरिहार्य छ। कतिपय स्थानहरूमा सडकपेटी विस्तार गर्ने कार्य गरिएको भएतापनि राज्यकै निकायहरूले सडकपेटी अतिक्रमण गर्ने गरेको एवम् सडकपेटी रहेका स्थानमा निजी एवम् सार्वजनिक संस्थाहरूबाट भएका अतिक्रमण हटाउनेतर्फ कुनै प्रयास नगरेबाट पैदलयात्रुको सुरक्षाका सम्बन्धमा प्रत्यर्थीहरू प्रयासरत रहेको भन्ने देखिएन। पैदलयात्रुको सुरक्षासँग सम्बन्धित नेपालको संविधान प्रदत्त मौलिक हकको संरक्षण र संवर्धन, राज्यका निर्देशक सिद्धान्तहरूको अनुसरण तथा राज्यका नीतिहरू क्रमशः कार्यान्वयन गर्नु राज्यको दायित्व हुने हुँदा सडकपेटी अतिक्रमण भएका स्थानहरूमा त्यस्तो अतिक्रमण हटाउनेतर्फ राज्यको ध्यानाकर्षण हुनु अत्यन्तै आवश्यक छ।

१९. पैदलयात्रीहरूको सडक सुरक्षा सम्बन्धमा प्रत्यर्थीहरूले सर्वप्रथमतः आ-आफ्नो मातहत पर्ने निकायहरूबाट सडकपेटीमा गरिएको अतिक्रमण हटाउनेतर्फ आवश्यक कदम चाल्नु उचित देखिन्छ। दोस्रो, सार्वजनिक सूचना जारी गरी उपयुक्त समय तोकी निजि एवम् गैरसरकारी संस्थाहरूबाट सडकपेटी अतिक्रमण भएको स्थानहरूमा सो अतिक्रमण हटाउन सम्बन्धित मन्त्रालय एवम् स्थानीय तहहरूले निर्देशन दिनु वाञ्छनिय देखिन्छ। तेस्रो, प्रत्यर्थीहरूले लिखित जवाफमा उल्लेख गरेजस्तो सडकपेटी व्यवस्थापनको विषय आफ्नो जिम्मेवारी अन्तर्गत नपर्ने जस्ता अनेकन बहाना गर्नेतर्फ नभई सडकपेटी व्यवस्थापनसँग सान्दर्भिक आफ्ना प्रकार्यहरू जिम्मेवारीपूर्वक निर्वहन गर्नेतर्फ उन्मुख रहनुपर्दछ। उदाहरणका लागि, सार्वजनिक सडकपेटी अतिक्रमण भएको अवस्थामा सोको अतिक्रमण हटाउन प्रत्यर्थी गृह मन्त्रालयले नेपाल प्रहरी अन्तर्गत ट्राफिक प्रहरी तथा अन्य सम्बन्धित स्थानीय तहसँग समन्वय गरी आवश्यक जिम्मेवारी वहन गर्न सक्ने नै हुन्छ। अर्कोतर्फ, प्रस्तुत रिट निवेदनमा सडकपेटी अतिक्रमण गरी बनेका प्रहरी पोष्ट हटाउन माग गरिएको तथा सडक सुरक्षा सम्बद्ध विषय ट्राफिक प्रहरी कार्यालयहरूको प्रमुख जिम्मेवारी अन्तर्गत रहने हुँदा सम्पर्क मन्त्रालयको रूपमा रहने प्रत्यर्थी गृह मन्त्रालयले रिट निवेदन सम्बद्ध विषय आफ्नो कार्यक्षेत्र अन्तर्गत नपर्ने भनी लिएको जिकिर स्वीकारयोग्य देखिँदैन। त्यस्तै, सडकपेटी बिग्री नासिई ढल खुला भएको स्थानमा सोको रेखदेख, मर्मत सम्भार लगायतका कार्य गर्ने तथा स्थानीय सडकहरूमा जोडिएको सडकपेटी व्यवस्थापन सम्बन्धी जिम्मेवारी प्रत्यर्थी काठमाडौं नगरपालिकाको हुनेमा विवाद छैन। प्रत्यर्थी काठमाडौं महानगरपालिकाले यस अदालतमा पेस गरेको लिखित जवाफमा पनि उक्त कुरालाई स्वीकारेकै देखिन्छ। साथै, नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ को अनुसूची-२ को बुँदा १०(१५) अनुसार सडक सुरक्षासम्बन्धी नीति, कानून, मापदण्ड, समन्वय र नियमन सम्बन्धी जिम्मेवारी प्रत्यर्थी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको हुने नै देखिन्छ। त्यस्तै, सहरी पूर्वाधार विकासको जिम्मेवारी प्रत्यर्थि शहरी विकास मन्त्रालय अन्तर्गत पर्ने नै हुँदा निज प्रत्यर्थीले समेत आफ्नो कार्यक्षेत्र नभएको भनी जिकिर लिनु स्वभाविक देखिँदैन।

२०. यसर्थ, प्रत्यर्थीहरूले आफ्नो जिम्मेवारी निर्वहन गरेको अवस्थामा अन्ततः पैदलयात्रुको निर्वाध रूपमा हिंड्न पाउने हकको संरक्षण हुनेमा शंका छैन। यसकारण प्रत्यर्थीहरूले पैदलयात्रुको सुरक्षा, सडकपेटी व्यवस्थान, ढल व्यवस्थापन एवम् समुचित सडक सुरक्षाको सम्बन्धमा कानूनतः आफूमा निक्षेप गरिएको जिम्मेवारी वहन गर्नेतर्फ अग्रसर भई नेपालको संविधान

प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक र आवतजावतको स्वतन्त्रताको हककोको प्रचलन गर्ने गराउने तर्फ उन्मुख हुनु आवश्यक छ। नेपालको संविधानले प्रत्यर्थीहरू उपर निक्षेप गरेको संवैधानिक दायित्व पनि यहि नै हो। कहिंकतै कार्यक्षेत्र वा अधिकारक्षेत्रका समस्याहरू आउन नसक्ने होइन। त्यस्तो अवस्थामा प्रत्यर्थीहरूले आफ्नो जिम्मेवारी पन्छ्याउने नभई समन्वयात्मक भूमिका निर्वाह गर्नु अपेक्षित देखिन्छ। हामीले अवलम्बन गरेको शासकीय व्यवस्थामा कुनै पनि संघीय इकाई पूर्ण रूपमा पृथक नभई सहकारिता, सहअस्तित्व र समन्वय एवम् पारस्परिक सहयोगको आधारमा सञ्चालन हुने हुँदा प्रत्यर्थीहरूले दोहोरो क्षेत्राधिकार (overlapping jurisdiction) भएको वा क्षेत्राधिकार सम्बन्धमा आवश्यक स्पष्टता नभएको अवस्थामा आपसी समन्वय गर्नु नै वाञ्छनिय एवम् नेपालको संविधान अनुकुल हुने देखिन्छ।

२१. **दोस्रो प्रश्न "अव्यवस्थित सडकपेटी, खुला ढल वा सडक वा सडकपेटीमा खडा गरिएका अवरोध वा मानव निर्मित संरचनाका कारण कुनै व्यक्तिले जीउ धनको क्षति व्यहोर्नुपरेको अवस्थामा दुष्कृति सम्बन्धी कानून आकर्षित हुन्छ हुँदैन? सरकारी निकायको अकर्मण्यताका कारण कुनै व्यक्तिले त्यस्तो क्षति व्यहोर्नु परेको अवस्थामा लागू हुने सार्वजनिक दुष्कृति (Public Tort) को मूल्यमान्यतालाई मुलुकी देवानी संहिता, २०७४ को भाग-५ परिच्छेद-१७ को दुष्कृति सम्बन्धी व्यवस्थाले अङ्गिकार गरेको छ छैन?"** तर्फ विचार गर्नु अघि यहाँ दुष्कृति कानून सम्बन्धमा अवधारणात्मक चर्चा गर्नु आवश्यक देखिन्छ। सन् १२५० ताका बेलायतमा उत्पत्ति भएको दुष्कृति सम्बन्धी कानूनी अवधारणाले विभिन्न कालखण्डमा विकसित हुँदै सन् १८७० पछि आधुनिकता ग्रहण गरेको मानिन्छ। प्रचलित मूल्यमान्यता अनुसार दुष्कृतिजन्य दायित्वसम्बन्धी अवधारणा मूलतः त्रुटि, हेलचक्र्याईं वा लापरवाहीपूर्ण कार्य वा अकर्मण्यताबाट सिर्जित दायित्वहरूमा केन्द्रित रहेको देखिन्छ। अर्थात् दुष्कृति कानूनले प्रत्येक व्यक्तिउपर कुनै कार्य गर्दा निश्चित मात्रामा सावधानी अपनाउनुपर्ने कर्तव्य निक्षेप गरेको हुन्छ। यदि कसैले न्यूनतम सावधानी नअपनाई कुनै कार्य गर्दछ र त्यसको परिणामस्वरूप कसैले कुनै क्षति व्यहोर्नुपर्ने अवस्था सिर्जना हुन्छ भने त्यस्तो व्यक्तिले दुष्कृतिजन्य दायित्व वहन गर्नुपर्दछ। यसै अवधारणालाई मुलुकी देवानी संहिता, २०७४ को दफा ६७२ मा दुष्कृतिको परिभाषा अन्तर्गत संहिताबद्ध गरिएको छः-

१) कसैले आफ्नो वा यस परिच्छेद बमोजिम आफैले दायित्व वहन गर्नु पर्ने अरू कसैको त्रुटि, हेलचक्र्याईं वा लापरवाही जेसुकैबाट भए तापनि गरेको कुनै काम (कमिसन) वा अकर्मण्यता

(ओमिशन) बाट कसैको जीउ, ज्यान वा सम्पत्ति वा कानून बमोजिम संरक्षित हक वा हितमा कुनै किसिमले हानी, नोक्सानी पुर्याउनु हुँदैन।

(२) उपदफा (१) बमोजिम काम वा अकर्मण्यताका सम्बन्धमा पक्षहरू बीच कुनै पूर्वकरार सम्बन्ध भएको रहेनछ भने त्यस्तो काम वा हेलचक्र्याईंको परिणाम स्वरुप उत्पन्न हानी, नोक्सानीलाई दुष्कृति गरेको मानिनेछ।

उल्लिखित व्यवस्था अनुसार कुनै कार्य वा अकर्मण्यता दुष्कृति हो भन्नका लागि सर्वप्रथमतः दुष्कृतिकर्ताउपर कुनै कार्य गर्ने वा अकर्मण्यता नगर्ने पूर्वदायित्व निक्षेप गरिएको हुनुपर्दछ; दोस्रो, त्यस्तो दायित्व करारबाट सिर्जित भएको हुनुहुँदैन; तेस्रो, निज दुष्कृतिकर्ताले आफ्नो वा अरू कसैको त्रुटि, हेलचक्र्याईं वा लापरवाहीका कारण त्यस्तो दायित्व पूरा गर्न नसकेको हुनुपर्दछ र चौथो, निजले त्यसरी दायित्व वहन गर्न नसकेका कारण पीडितको जीउ, ज्यान वा सम्पत्ति वा कानून बमोजिम संरक्षक हक वा हितमा कुनै किसिमले हानी, नोक्सानी पुगेको हुनुपर्दछ।

२२. प्रस्तुत रिट निवेदनमा उल्लेख गरिएजस्तो सडकपेटीमा खडा गरिएको बाधाव्यवधान हटाउन कुनै कार्य नगरेको वा सडकपेटी व्यवस्थापन गर्न नसकेकाले सडकपेटी भएको स्थानमा ढल खुला गरिएको ठाउँमा दुर्घटना हुँदा मुलुकी देवानी संहिता, २०७४ को दफा ६७२ मा उल्लिखित दुष्कृति सम्बन्धी व्यवस्था आकर्षित हुन्छ हुँदैन भन्ने सम्बन्धमा विचार गर्दा, निश्चय पनि निजी व्यक्ति, कम्पनी एवम् संस्थाहरूले सडकपेटीमा बाधाव्यवधान खडा नगर्ने दायित्वका विपरित उक्त कार्य गरेको परिणामस्वरूप सिर्जना भएको हानी वा नोक्सानीमा दुष्कृति कानून आकर्षित हुनेमा विवाद देखिँदैन। त्यस्तो अवस्थामा पीडितले स्वभाविक रूपमा मुलुकी देवानी संहिता, २०७४ को दफा ६८२ बमोजिम निजी व्यक्तिहरूबाट क्षतिपूर्ति भराई पाउन कानून बमोजिम दाबी गर्न सक्ने नै हुन्छ। जहाँसम्म सार्वजनिक निकायले सडकपेटी व्यवस्थापन र उक्त बाधा व्यवधान हटाउनुपर्ने सार्वजनिक दायित्व वहन नगरेको परिणामस्वरूप सिर्जित हुने हानी वा क्षति लगायतका सार्वजनिक दुष्कृतिहरूमा मुलुकी देवानी संहिता, २०७४ को दुष्कृति सम्बन्धी व्यवस्था बमोजिम नागरिक वा सेवाग्राहीले क्षतिपूर्ति प्राप्त गर्न पाउनुपर्छ भन्ने निवेदन जिकिर छ, सो सम्बन्धमा निश्कर्षमा पुग्नु अघि सार्वजनिक दुष्कृतिको अवधारणका सम्बन्धमा ऐतिहासिक परिचर्चा, यसको विकास एवम् मुलुकी देवानी संहिता, २०७४ को दुष्कृति सम्बन्धी कानूनी व्यवस्थाको विवेचना हुनु यहाँ आवश्यक देखिन्छ।

२३. परम्परागत राज्यव्यवस्थामा आधारित मुल्यमान्यताहरूमा राज्यले कुनै त्रुटि गर्न नसक्ने विश्वास व्याप्त रहेको हुँदा प्रारम्भमा दुष्कृतिजन्य विवादलाई पूर्णतः निजी प्रकृतिको विवादको रूपमा मानिएको थियो। त्यसबखत राज्य वा राज्यका प्रतिनिधिका रूपमा रहेका व्यक्तिहरूले कुनै पनि प्रकारले दुष्कृतिजन्य दायित्व वहन गर्नुपर्ने अवस्था थिएन। खासगरी राज्यको शासन र प्रशासनका प्रक्रियामा कुनै राष्ट्रसेवकले स्वविवेकीय अधिकारको प्रयोग गर्नेक्रममा त्रुटिपूर्ण कार्य हुन गई दुष्कृतिजन्य दायित्व वहन गर्नुपर्ने अवस्था भएमा राज्य प्रशासनको प्रक्रियामा संलग्न प्रत्येक व्यक्तिले हरसमय मुद्दामामिलाबाट भयभित भइरहनुपर्ने र यसले राज्यको प्रशासनिक दक्षता र प्रभावकारितामा असर पार्ने हुँदा राज्य, सरकार र कर्मचारीहरूलाई निजहरूले आफ्नो पदिय जिम्मेवारी वहन गर्दा उत्पन्न हुनसक्ने दुष्कृतिजन्य दायित्वबाट उन्मुक्त (immune) बनाइएको थियो। वर्तमान विश्वव्यवस्थामा विकसित मूल्यमान्यताहरूले भने राज्य, सरकार एवम् कर्मचारीहरूको त्यस्तो उन्मुक्तिलाई प्रश्रय दिएको पाइँदैन। यसको पछाडि मुलतः दुइवटा कारणहरू रहेका छन्; *पहिलो,* आधुनिक राज्यको विकाससँगै राज्य र राज्यका प्रशासकीय अधिकारीहरूलाई प्रदान गरिएको उन्मुक्तिको सार्वजनिक आलोचना, र *दोस्रो,* त्यस्तो उन्मुक्ति विधिको शासनको अवधारणा विपरित हुने मान्यताको विकास। यहाँ विधिशास्त्रीय विवेचनाका लागि भने दोस्रो कारण अर्थात् *"विधिको शासन"* को अवधारणाको चर्चा महत्त्वपूर्ण रहेको छ।

२४. विधिको शासनको अवधारणाले प्रत्येक व्यक्तिलाई कानूनले समान व्यवहार गर्नुपर्दछ भन्ने मान्यता राख्दछ। कुनै व्यक्ति सरकारी वा सार्वजनिक निकायको कर्मचारी हो वा स्वयम् सरकार नै हो भन्ने कुरालाई वास्ता नगरी कानूनले प्रत्येकलाई समान व्यवहार गर्नुपर्छ भन्ने मत यस अवधारणामा अन्तर्निहित रहेको छ। सरकारी वा सार्वजनिक पदमा आसिन व्यक्ति वा स्वयम् सरकार नै दुष्कृतिकर्ताको रूपमा रहेको अवस्थामा निजलाई दुष्कृति सम्बन्धी दायित्वबाट उन्मुक्ति दिँदा कानूनको समान व्यवहार कायम हुन नसक्ने र अन्ततः विधिको शासन कुण्ठित हुँदै जाने जोखिम रहन्छ। यसकारण सार्वजनिक वा सरकारी पदाधिकारीले दुष्कृति दायित्वबाट उन्मुक्ति पाउने पूर्ववत् परम्परालाई विधिको शासनको अवधारणाले खारेज गरेको पाइन्छ।[१०] अर्कोतर्फ, राज्य वा राज्यद्वारा नियुक्त गरिएका अधिकारीहरूलाई दुष्कृति

[१०] विधिको शासन अवधारणाको प्रणेता समेत मानिने ए. भि. डाइसीको विश्वप्रसिद्ध पुस्तक An Introduction to the Law of the Constitution, पृ. १९८ मा "The rule of law excludes the idea of any exemption of officials or others from the duty of

दायित्वबाट उन्मुक्त गराउँदा प्रशासनिक कार्यसम्पादनका क्रममा हुने/भएका त्रुटि वा गल्तीका कारण सिर्जित क्षति वा हानीको पूर्ण भार त्यस्तो हानी वा क्षति व्यहोर्ने सामान्य नागरिक उपर नै पर्ने हुँदा चौतर्फी आलोचना भएको पाइन्छ। विशेषतः १८ औं र १९ औं शताब्दीतिरको समयमा प्रहरी प्रशासन वा दमनका कारण नागरिकले क्षति व्यहोर्नु परेको घटना धेरै हुने गरेको र त्यस्तो क्षतिको परिपूर्ति गर्नु नपर्ने अवस्था भएमा राज्य शक्तिको प्रयोग समेत असिमित हुने जोखिम रहने हुँदा *"राज्यले कुनै त्रुटि गर्न सक्दैन"* भन्ने कमन ल को सिद्धान्त तिव्र रूपमा आलोचित भई वर्तमान विश्वव्यवस्थामा अन्ततः यो मान्यता प्रयोगविहिन भएको पाइन्छ।

२५. प्रतिक्रियास्वरूप दुष्कृति कानूनमा सार्वजनिक दुष्कृति (public tort) को अवधारणाको प्रादुर्भाव भएको देखिन्छ। यस अवधारणा अन्तर्गत सुरूवाततिर कार्यसम्पादनका क्रममा भएको दुष्कृतिमा स्वयम् सम्बन्धित पदाधिकारीले नै दायित्व वहन गर्नुपर्ने प्रचलन स्थापित भएकोमा पछिभने राज्यले नै दुष्कृति दायित्व वहन गर्नुपर्ने भन्ने मान्यताको विकास भएको देखिन्छ। सार्वजनिक पदाधिकारीहरू दुष्कृति दायित्वको भागिदार हुने प्रचलन मुलतः Feather v. Queen (१८६५) को मुद्दामा बेलायतमा Queen's Bench बाट भएको फैसलामार्फत् सुरुवात भएको मानिन्छ। उक्त मुद्दामा Lord Cockburn ले "In our opinion no authority is needed to establish that a servant of the Crown is responsible in law for a tortious act done to a fellow subject, through done by the authority of the Crown – a position which appears to us to rest on principles which are too well settled to admit of question, and which are alike essential to uphold the dignity of the Crown on the one hand, and the rights and liberties of the subject on the other"[११] अर्थात् नागरिकका अधिकार र स्वतन्त्रता एवम् राज्यको मर्यादा एवम् सम्मान कायम राख्न पनि राज्यका अधिकारीहरूलाई दुष्कृतिजन्य दायित्वको भागिदार गराउनु आवश्यक रहने राय व्यक्त गरेको पाइन्छ। त्यस्तै, Geddis v. Proprietors of Bann Reservoir को मुद्दामा लर्ड ब्ल्याकबर्नले "For I take it, without citing cases, that it is now thoroughly well established that no action will lie for doing that which the legislature has authorized, if it be done no action will lie for doing that which the legislature has authorized, if it be done without negligence, although it does occasion damage to anyone; but an action does lie for doing that which the

---

obedience to the law which governs other citizens" अर्थात् विधिको शासनको अवधारणाले कुनै पनि अधिकारी वा व्यक्तिलाई अन्य नागरिक भन्दा फरक व्यवहार गरी कानूनी उन्मुक्ति प्रदान गर्न नमिल्ने उल्लेख भएको देखिन्छ।

[११] हेर्नुहोस्, Feather v. The Queen (1865), 122 ER 1191 (QB (Eng)).

legislature has authorized, if it be done negligently"[१२] अर्थात् ऐनबाट सिर्जित प्रकार्यहरू निर्वाह गर्ने क्रममा कुनै सार्वजनिक अधिकारीले गरेको कुनै लापरवाहीपूर्ण कार्यले कुनै अर्को व्यक्तिलाई हानी नोक्सानी गर्छ भने त्यस्तो कार्यउपर कानूनी उपचार प्राप्त गर्न सकिन्छ भनी राय व्यक्त गरेको देखिन्छ।

२६. सार्वजनिक दुष्कृतिको सम्बन्धमा राज्यले दायित्व निर्वहन गर्नुपर्ने मान्यता भने मुलतः संहिताबद्ध कानूनहरूमा आधारित रहेको देखिन्छ। उदाहरणका लागि, सन् १९४६ मा संयुक्त राज्य अमेरिकामा जारी गरिएको Federal Tort Claims Act मा राज्यको समेत दुष्कृतिजन्य दायित्व हुने व्यवस्था गरिएको पाइन्छ। संयुक्त राज्य अमेरिकाको संहिताबद्ध कानून (US Code) को दफा २६७४ मा "The United States shall be liable, respecting the provisions of this title relating to tort claims, in the same manner and to the same extent as a private individual like circumstances" अर्थात् दुष्कृति दाबीमा राज्यको दायित्व एक निजी व्यक्ति सरह हुने भनी उल्लेख गरिएको पाइन्छ। त्यहाँ सरकारी कर्मचारीहरूले आफू कार्यरत रहेको सेवाको परिधिभित्र रही गरेको कार्यबाट सिर्जित दुष्कृति दायित्व व्यक्तिगत रूपमा वहन गर्नु नपर्ने बरु राज्यले निजको हकमा त्यस्तो दायित्व वहन गर्ने पद्धतिको विकास भएको देखिन्छ। यद्यपि, त्यस्तो कार्य कर्मचारीको स्वविवेकीय अधिकारसँग जोडिएको र उक्त अधिकारको प्रयोगका क्रममा कसैले हानी वा क्षति व्यहोर्नु परेको अवस्थामा भने पीडितले क्षतिपूर्ति प्राप्त गर्न नसक्ने व्यवस्था गरिएको पाइन्छ।

२७. त्यस्तै, सन् १९४७ मा संयुक्त अधिराज्यमा जारी गरिएको Crown Proceedings Act 1947 मा दुष्कृतिजन्य विवादमा राज्यविरुद्ध मुद्दा गर्न सकिने तथा दुष्कृतिजन्य मुद्दामा राज्यको दायित्व हुने व्यवस्था गरेको पाइन्छ। उक्त ऐनको दफा २ मा Liability of the Crown in Tort शिर्षक अन्तर्गत उल्लेख भए अनुसार सरकारी सेवामा कार्यरत कर्मचारी वा कुनै प्रकारले राज्यलाई प्रतिनिधित्व गर्ने व्यक्तिले सरकारी कार्यसम्पादनको क्रममा दुष्कृतिजन्य कार्य गरेको अवस्थामा राज्यले सिर्जित हानी वा नोक्सानीको क्षतिपूर्ति वहन गर्नुपर्ने गरी कानूनी व्यवस्था गरिएको पाइन्छ।[१३] भारतीय ल कमिशनले सन् १९५८ मा जारी गरेको दुष्कृति सम्बन्धी

---

१२ हेर्नुहोस्, Geddis v. Proprietors of Bann Reservoir (1878), 3 App. Cas. 430.

१३ हेर्नुहोस्, Crown Proceedings Act 1947, section 2 'Liability of the Crown in tort': (1) Subject to the provisions of this Act, the Crown shall be subject to all those liabilities in tort to which, if it were a private person of full age and capacity, it would be subject: -

(a) In respect of torts committed by its servants or agents;

प्रतिवेदनमा पनि यससम्बन्धमा केही सैद्धान्तिक आधार प्रदान गरिएको छ। विशेषतः साधारण कानूनको प्रयोगमा गर्नेक्रममा आफ्ना कर्मचारीले गरेका कार्यहरूमा राज्य नै जिम्मवार हुनुपर्ने र कानूनी दायित्व निर्वहन गर्नुपर्नेमा कर्मचारीहरूले सो कार्य नगर्दा उत्पन्न हुने/भएको दुष्कृतिजन्य क्षति वा हानी नोक्सानीमा समेत राज्य नै जिम्मेवार हुनुपर्ने सुझाव उक्त प्रतिवेदनमा दिइएको पाइन्छ।[१४]

२८. यसरी सरकारी वा सार्वजनिक निकायमा कार्यरत अधिकारीहरूले गरेको दुष्कृति कार्यमा राज्यले दायित्व वहन गर्नुपर्ने मान्यतालाई वस्तुतः दुई तर्कले समर्थन गरेको पाइन्छ। पहिलो, कुनै पनि कर्मचारीले आफ्नो पदिय जिम्मेवारी वहन गर्दा सारभूत रूपमा राज्यको तर्फबाट एक प्रतिनिधिको हैसियतमा सेवाप्रवाह गर्ने भएकाले सेवाप्रवाह गर्नेक्रममा कुनै त्रुटि वा लापरवाही हुन गएमा राज्यले सिर्जित दुष्कृतिजन्य दायित्वको अपनत्व लिनुपर्ने हुन्छ। असल मनसाय राखी राज्यको तर्फबाट सेवा प्रदान गर्दा हुने त्रुटिहरूमा कर्मचारी स्वयम्ले दायित्व वहन गर्नुपर्ने अवस्था सिर्जना भएमा दैनिक प्रशासन मै समस्या निम्तिन सक्ने हुँदा रोजगारदाताको हैसियतले पनि स्वयम् राज्य नै जिम्मेवार हुनु मनासिव देखिन्छ। दोस्रो, दुष्कृति पीडितले एक सामान्य आर्थिक क्षमताको कर्मचारीबाट आफूले व्यहोरेको क्षति वा हानीको पूर्ण रूपमा भरपाई गराउन सदैव सम्भव हुँदैन। निजले व्यहोरेको क्षति वा हानीको समुचित परिपूर्तिका लागि समेत राज्यले दायित्व वहन गर्नु अपरिहार्य देखिन्छ। यहाँनेर ध्यान दिनु के आवश्यक छ भने, कर्मचारीले पदिय जिम्मेवारी वहन गर्दा हुने/भएका त्रुटि वा लापरवाहीको हकमा मात्र राज्यले अप्रत्यक्ष दायित्व (vicarious liability) वहन गर्नुपर्ने हुन्छ। स्वतन्त्र रूपमा भए गरेका कार्यहरूका हकमा कर्मचारी स्वयम्ले नै नीजि व्यक्ति सरह दुष्कृति दायित्व वहन गर्नुपर्ने हुँदा त्यस्तो अवस्थामा राज्यले कुनै प्रकारको दायित्व निर्वहन गर्नुपर्ने हुँदैन। यसरी राज्यले अप्रत्यक्ष दायित्व (vicarious liability) वहन गर्नुपर्दा देहायका अवस्थाहरू स्थापित भएको हुनुपर्दछः-

---

(b) In respect of any breach of those duties which a person owes to his servants or agents at common law by reason of being their employer; and

(c) In respect of any breach of the duties attaching at common law to the ownership, occupation, possession or control of property:

Provided that no proceedings shall lie against the Crown by virtue of paragraph (a) of this subsection in respect of any act or omission of a servant or agent of the Crown unless the act or omission would apart from the provisions of this Act have given rise to a cause of action in tort against that servant or agent or his estate.

[१४] Law Commission of India, First Report, Liability of the State in Tort, p. 33.

क. दुष्कृतिकर्ता र राज्यबीच कुनै प्रकारको रोजगार सम्बन्ध (employment relationship) भएको वा त्यस्तो दुष्कृतिकर्ताले राज्यको प्रतिनिधिको (agent of the state) रूपमा जिम्मेवारी वहन गरेको हुनुपर्ने;

ख. दुष्कृतिकर्ताले आफ्नो पदिय जिम्मेवारीको परिधिभित्र (scope of employment) रही कार्यसम्पादन गर्ने क्रममा (course of employment) कसैलाई हानी वा नोक्सानी भएको हुनुपर्ने; र

ग. दुष्कृतिकर्ता अर्थात् सरकारी कर्मचारीले सावधानी अपनाउनुपर्ने कर्तव्य (duty of care) निर्वाह नगरेको वा उल्लङ्घन गरेको (breach of duty) अवस्थामा कसैलाई हानी वा नोक्सानी (damage) हुनसक्छ भनी सहजै अनुमान (foreseeable) गर्न सकिने हुनुपर्ने।

माथि उल्लिखित अवस्थाहरू स्थापित भएको अवस्थामा पीडितले राज्यबाट आफूले व्यहोर्नुपरेको हानी वा नोक्सानीको क्षतिपूर्ति भराईपाउन दुष्कृति सम्बन्धी कानून बमोजिम मुद्दा गर्न सक्ने नै हुन्छ। यद्यपि, यस सम्बन्धमा पनि केहि अपवादहरू रहेका छन्। मुलतः कानूनले राज्यका निकाय, अधिकारी एवम् कर्मचारीहरूलाई स्वविवेकीय अधिकार प्रदान गरेकोमा उक्त अधिकार प्रयोग गरी गरिने नीतिगत निर्णयहरूमा प्रष्टतः आधार कारणहरूको अवलम्बन गरिएको रहेछ भने त्यस्तो निर्णयको परिणामस्वरूप सिर्जना हुने क्षतिलाई दुष्कृतिजन्य विवादको रूपमा समावेश गर्न मिल्ने देखिँदैन।

२९. स्वविवेकीय अधिकारको प्रयोगबाट उत्पन्न हुने हानी वा नोक्सानीका सम्बन्धमा Anns v. Merton London Borough Council को मुद्दा सान्दर्भिक रहेको छ। उक्त मुद्दामा Lord Wilberforce का अनुसार प्रथमतः सार्वजनिक दुष्कृतिकर्ताले सावधानी अपनाउन नसक्नु र पीडितलाई हानी वा नोक्सानी हुन जानुमा सामिप्यताको सम्बन्ध (relationship of proximity or neighborhood) हुनुपर्दछ ताकि निज दुष्कृतिकर्ताले आफूले सावधानी नअपनाउँदा हानी वा नोक्सानीको परिणाम निम्तिन सक्छ भन्ने सहजै अनुमान गर्न सकोस्।[१५] उक्त शर्त अघिल्लो प्रकरणमा उल्लिखित foreseeability को शर्तसँग समानार्थी देखिन्छ। सो शर्त पूरा भएको अवस्थामा सम्बन्धित सार्वजनिक अधिकारीलाई निक्षेपित अधिकार नीतिगत वा कार्यगत के हो

[१५] हेर्नुहोस्, Anns v. Merton London Borough Council [1978] AC 728 (First one has to ask whether, as between the alleged wrongdoer and the person who has suffered damage there is a sufficient relationship of proximity or neighborhood such that, in the reasonable contemplation of the former, carelessness on his part may be likely to cause damage to the latter – in which case a prima facie duty of care arises.)

भनी पहिचान गर्नु आवश्यक हुन्छ। यदि उक्त अधिकार नीतिगत वा स्वविवेकीय प्रकृतिको भएमा दुष्कृतिजन्य दायित्व आकर्षित नहुने भनी व्याख्या गरिएको देखिन्छ।[१६] सार्वजनिक दुष्कृतिको विवाद अन्तर्गत कुनै कार्य वर्गिकृत हुनका लागि विशुद्ध रूपमा सार्वजनिक कर्तव्यको विचलन भएको हुनुपर्दछ। नीतिगत निर्णयहरूमा समाविष्ट स्वविवेकीय अधिकारमा त्यस्तो सार्वजनिक कर्तव्य निहित नरहन सक्छ। यद्यपि त्यस्तो अधिकारको प्रयोग सद्नीयतपूर्वक गरिएको हुनुपर्दछ। त्यस्तै, नीतिगत निर्णयहरूमा सार्वजनिक पदाधिकारीले निर्णय लिँदा प्रयोग गर्ने स्वविवेक कानूनी रूपमा सिमित हुने भएतापनि केही निर्णयहरूको गुणस्तर र त्यसले सिर्जना गर्ने दोष वा परिणाम पूर्णतः ती निर्णयको प्रयोगात्मक प्रभावमा निर्भर हुने हुँदा कानूनी मापदण्डको सिमाभित्र त्यस्ता निर्णयलाई राख्ने गरिएको देखिँदैन।

३०. यिनै अपवादात्मक अवस्थाहरूलाई कतिपय राज्यका दुष्कृति सम्बन्धी कानूनी व्यवस्थामा अंगिकार गरिएको पाइन्छ। उदाहरणका लागि, संयुक्त राज्य अमेरिकामा स्वविवेकीय अधिकार जडित प्रकार्यको सम्पादन गर्ने क्रममा वा उचित सावाधानी अपनाउँदा अपनाउँदै पनि कसैले हानी वा क्षति व्यहोरेको विवादमा सार्वजनिक दुष्कृति दायित्व सिर्जना नहुने कानूनी व्यवस्था गरिएको पाइन्छ।[१७] त्यस्तै, केहि सार्वजनिक सेवा एवम् क्षेत्रको संवेदनशीलतालाई मध्येनजर गर्दै दुष्कृतिजन्य दायित्वबाट उन्मुक्त राख्ने प्रचलन समेत रहेको पाइन्छ। संयुक्त अधिराज्यको Crown Proceedings Act, 1947 मा गरिएको व्यवस्था अनुसार न्यायसम्पादन[१८] तथा सैन्य कर्तव्यपालनका[१९] क्रममा भएका त्रुटिलाई दुष्कृतिजन्य दायित्वबाट बाहेक गरिएको पाइन्छ।

---

[१६] हेर्नुहोस्, Anns v. Merton London Borough Council [1978] AC 728 (Secondly, if the first question is answered affirmatively, it is necessary to consider whether there are any considerations which ought to negative, or to reduce or limit the scope of the duty or the class of persons to whom it is owed or the damages to which a breach of it may give rise… Most, indeed, probably all, statutes relating to public authorities or public bodies, contain in them a large area of policy. The courts call this a discretion meaning that the decision is one for the authority or body to make, and not for the courts. Many statutes also prescribe or at least presuppose the practical execution of policy decisions: a convenient description of this is to say in addition to the area of policy or discretion, there is an operational area.)

[१७] हेर्नुहोस्, U.S.C. sec. 2680 (a) "Any claim based upon an act or omission of an employee of the Government, exercising due care, in the execution of a statute or regulation, whether or not such statute or regulation be valid, or based upon the exercise or performance or the failure to exercise or perform a discretionary function or duty on the part of a federal agency or an employee of the Government, whether or not the discretion involved be abused.

[१८] हेर्नुहोस्, Crown Proceedings Act 1947, sec. 2(5) 'No proceedings shall lie against the Crown by virtue of this section in respect of anything done or omitted to be done by any person while discharging or purporting to discharge any responsibilities of a judicial nature vested in him, or any responsibilities which he has in connection with the execution of judicial process.

[१९] हेर्नुहोस्, Crown Proceedings Act 1947, sec. 10 'Provisions relating to the armed forces': (1) Nothing done or omitted to be done by a member of the armed forces of the Crown while on duty as such shall subject either him or the Crown to liability in tort for causing the death of another person, or for causing personal injury to another person,

भारतीय ल कमिशनले सन् १९५८ मा जारी गरेको दुष्कृति सम्बन्धी प्रतिवेदनमा पनि यी क्षेत्रहरूलाई दुष्कृतिजन्य दायित्वबाट बाहेक गरेको पाइन्छ। जसमा खासगरी न्यायसम्पदान, परराष्ट्र मामिला जस्ता राजनीतिक प्रकार्य लगायत संकटकाल र युद्धका क्रममा भएका हानी नोक्सानीका सम्बन्धमा भने राज्यलाई उन्मुक्ति दिइनुपर्ने भनी उल्लेख भएको देखिन्छ। उल्लिखित दृष्टान्तहरू समेतबाट दुष्कृति सम्बन्धी कानूनी अवधारणा अन्तर्गत सार्वजनिक दुष्कृति (public tort) का पक्षहरूलाई अंगिकार गरिएको देखिन्छ। यद्यपि यस अवधारणा अन्तर्गत न्यायसम्पादन, सैन्य कर्तव्यपालन, परराष्ट्र मामिला जस्ता क्षेत्रहरू एवम् स्वविवेकीय अधिकार सम्मिलित सार्वजनिक कर्तव्यका पालनका क्रममा घटेका दुष्कृतिजन्य कार्यहरूलाई अपवादात्मक व्यवहार गरिनुपर्ने मान्यता रहेको पाइन्छ।

३१. जहाँसम्म मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद-१७ मा उल्लेख गरिएको दुष्कृति सम्बन्धी व्यवस्था अन्तर्गत सार्वजनिक दुष्कृतिको अवधारणालाई अंगिकार गरिएको छ, छैन भन्ने सवालमा उक्त व्यवस्था अन्तर्गत कहिंकतै पनि राज्य, सरकार वा सरकारी निकायहरूलाई दुष्कृतिजन्य दायित्वबाट बाहेक गरिएको देखिँदैन। राज्य, सरकार वा सरकारी निकायहरूका

---

in so far as the death or personal injury is due to anything suffered by that other person while he is a member of the armed forces of the Crown if –

(a) At the time when that thing is suffered by that other person, he is either on duty as a member of the armed forces of the Crown or is, though not on duty as such, on any land, premises, ship, aircraft, or vehicle for the time being used for the purposes of the armed forces of the Crown; and

(b) the Secretary of State certifies that his suffering that thing has been or will be treated as attributable to service for the purposes of entitlement to an award under the Royal Warrant, Order in Council or Order of His Majesty relating to the disablement or death of members of the force of which he is a member:

Provided that this subsection shall not exempt a member of the said forces from liability in tort in any case in which the court is satisfied that the act or omission was not connected with the execution of his duties as a member of those forces.

(2) No proceedings in tort shall lie against the Crown for death or personal injury due to anything suffered by a member of the armed forces of the Crown if –

(a) that thing is suffered by him in consequence of the nature or condition of any such land, premises, ship, aircraft or vehicle as aforesaid, or in consequence of the nature or condition of any equipment or supplies used for the purposes of those forces; and

(b) the Secretary of State certifies as mentioned in the preceding subsection; nor shall any act or omission of an officer of the Crown subject him to liability in tort for death or personal injury, in so far as the death or personal injury is due to anything suffered by a member of the armed forces of the Crown being a thing as to which the conditions aforesaid are satisfied.

(3) … a Secretary of State, if satisfied that is the fact: -

(a) that a person was or was not on any particular occasion on duty as a member of the armed forces of the Crown; or

(b) that at any particular time any land, premises, ship, aircraft, vehicle, equipment or supplies was or was not, or were or were not, used for the purposes of the said forces; may issue a certificate certifying that to be the fact; and any such certificate shall, for the purposes of this section, be conclusive as to the fact which it certifies.

तर्फबाट काम गर्ने कर्मचारीहरूले गरेको कार्यको परिणामस्वरूप हानी, नोकस्नी भएमा अप्रत्यक्ष दायित्व व्यहोर्नु पर्ने सैद्धान्तिक मान्यता रहेकोमा मुलुकी देवानी संहिता, २०७४ को दफा ६७५ मा समान प्रकारको कानूनी व्यवस्था रहेको देखिन्छ। दफा ६७५ मा *"आफुले काममा लगाएको घरेलु सहायक, अन्य कामदार वा कर्मचारीले त्यस्तो कामको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैलाई हानी, नोक्सानी भएमा त्यसरी काममा लगाउने व्यक्ति, फर्म, कम्पनी वा संस्थाले त्यसको दायित्व व्यहोर्नु पर्नेछ"* भनी उल्लेख भएको देखिन्छ। यस सम्बन्धमा फर्म, कम्पनी वा संस्था अन्तर्गत नेपाल राज्य वा नेपाल सरकार नपर्ने भएतापनि ऐ. संहिताको दफा २(ग) मा "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति सम्झनु पर्छ र सो शब्दले कानूनी व्यक्ति समेतलाई जनाउँछ भनी उल्लेख गरिएको छ। त्यस्तै, दफा ४४ मा "देहायका निकायले स्वतः कानूनी व्यक्तिको रूपमा सक्षमता प्राप्त गरेको मानिनेछ" भनी उल्लेख गर्दै नेपाल राज्य, नेपाल सरकार एवम् प्रत्येक संघीय ईकाई एवम् सरकारी कार्यालयहरूको उल्लेख गरेको छ। ऐ. संहिताको दफा ४२ को उपदफा (७) मा कानूनी व्यक्तिले आफ्नो नामबाट नालिस वा अन्य कानूनी कारबाही गर्न वा त्यस्तो व्यक्ति उपर पनि सोही नामबाट नालिस वा अन्य कानूनी कारबाही गर्न सकिनेछ भनी उल्लेख गरिएको देखिन्छ। यसरी मुलुकी देवानी संहिता, २०७४ को दफा २(ग), दफा ४२ र दफा ४४ को परिप्रेक्ष्यमा हेर्दा, राज्य, प्रत्येक तहका सरकार एवम् सरकारी निकायहरूका हकमा मुलुकी देवानी संहिता, २०७४ को दफा ६७५ को व्यवस्था आकर्षित हुनेमा विवाद देखिँदैन। अर्थात् राज्य एवम् सरकारको कुनै पनि तहलाई प्रतिनिधित्व गर्ने अधिकारी एवम् कर्मचारीले आफ्नो कर्तव्य पालनको सिलसिलामा गरेको कुनै दुष्कृतिजन्य कार्यको परिणामस्वरूप कुनै हानी वा नोक्सानी व्यहोर्नु परेको अवस्थामा सम्बन्धित तहको सरकारले दुष्कृतिजन्य दायित्व व्यहोर्नु पर्दछ। जसअनुरूप दफा ६८२ बमोजिम पीडितले सम्बन्धित सरकारी निकायबाट क्षतिपूर्ति भराई पाउन सक्छ। यसरी पीडितले क्षतिपूर्ति दाबी गरेको अवस्थामा अदालतले मनासिब क्षतिपूर्ति भराउन आदेश दिन सक्ने नै देखिन्छ।

३२. मुलुकी देवानी संहिता, २०७४ को परिच्छेद १७ बमोजिम सार्वजनिक दुष्कृतिको विषयमा राज्य वा सम्बन्धित सरकारी निकायबाट क्षतिपूर्ति भराई पाउन पीडितले सर्वप्रथमतः दफा ६७२ बमोजिम कसैको कुनै कार्य वा अकर्मण्यताको कारण सार्वजनिक कर्तव्यको उल्लङ्घन भई निजले हानी वा नोक्सानी व्यहोरेको पुष्टि गर्न सक्नुपर्दछ। दोस्रो, त्यस्तो कार्य वा

अकर्मण्यता गर्ने दुष्कृतिकर्ता र राज्यबीच कुनै प्रकारको रोजगार सम्बन्ध (employment relationship) वा त्यस्तो दुष्कृतिकर्ताले राज्यको प्रतिनिधिको (agent of the state) को रूपमा जिम्मेवारी वहन गरेको पुष्टि हुनुपर्दछ। तेस्रो, दुष्कृतिकर्ताले आफ्नो पदिय जिम्मेवारीको परिधिभित्र (scope of employment) रही कार्यसम्पादन गर्ने क्रममा (course of employment) त्यस्तो हानी वा नोक्सानी भएको पुष्टि हुनुपर्दछ। चौथौं, त्यस्तो सार्वजनिक कर्तव्य उल्लङ्घन गर्दा दुष्कृतिकर्ताले सावधानी अपनाउनुपर्ने कर्तव्य निर्वाह नगरेको वा उल्लङ्घन गरेको अवस्थामा कसैलाई हानी वा नोक्सानी हुनसक्छ भनी सहजै अनुमान गर्न सकिने हुनुपर्दछ। पाचौं, त्यस्तो हानी वा नोक्सानी स्वविवेकीय सार्वजनिक अधिकारको प्रयोगको परिणामस्वरुप निम्तिएको हुनु हुँदैन। छैठौं, सिद्धान्ततः न्यायसम्पादन, सैन्य कर्तव्यपालन, परराष्ट्र मामिला लगायतका संवेदनशील क्षेत्रलाई दुष्कृति दायित्वबाट उन्मुक्त गरिएको हुँदा यी क्षेत्रहरूसँग तत् दुष्कृति कार्य सम्बन्धित रहेको हुनुहुँदैन। प्रस्तुत निवेदनमा उठाइएको विषय अर्थात् सडकपेटी व्यवस्थापन नगरेको, खुला ढल राखिएको वा हटाउनुपर्ने कुनै बाधा व्यवधान नहटाएका कारण त्यस्तो ढलभित्र खसी कसैलाई हानी वा क्षति हुने अवस्था उल्लिखित अपवादात्मक क्षेत्र वा सेवासँग सम्बन्धित नरहेको एवम् सार्वजनिक कर्तव्यको पालन नभएका कारण घट्ने यस्ता परिणामहरूका सन्दर्भमा सिद्धान्ततः सार्वजनिक दुष्कृतिजन्य दायित्व सिर्जना हुने नै हुँदा उल्लिखित सबै अवस्थाहरू विद्यमान रहेको पुष्टि भएको अवस्थामा पीडितले राज्य एवम् सम्बन्धित सरकारी निकायबाट सार्वजनिक दुष्कृतिजन्य दायित्व स्वरूप उपयुक्त क्षतिपूर्ति भराई माग्न सक्ने नै देखिन्छ।

३३. **अब निवेदन मागदाबी बमोजिम आदेश जारी गर्नु पर्ने हो होइन?** भन्ने सम्बन्धमा विचार गर्दा, सडक पेटी ओगटेर बनाइएको प्रहरीको पोष्ट, निर्माण सामग्री, प्लाटफर्म, भर्याङ् लगायतका संरचनाहरू हटाउने तथा त्यसरी सडकपेटी अतिक्रमण गर्नेलाई कारवाही गरिपाउँ भन्ने निवेदन जिकिर रहेको देखिन्छ। सो सम्बन्धमा पहिलो प्रश्नका सम्बन्धमा गरिएको विवेचना गरिएअनुसार सडकपेटीमा संरचना निर्माण गरी वा बाधा व्यवधान खडा गरी अवरोध खडा गरिएको अवस्थामा पैदलयात्रुले सडक छेउमा हिंड्न बाध्य भई सडक दुर्घटनामा पर्ने जोखिम रहने हुँदा निश्चय पनि बाँच्न पाउने अधिकारको प्रचलनमा वञ्चना सिर्जना हुने देखियो। प्रस्तुत निवेदनमा उल्लिखित मिति २०७५/७/१२ मा खुला छोडिएको ढलमा खसी एक साइकल यात्रीले ज्यान गुमाउनुपरेको, मिति २०७८/१०/९ मा बाटो निर्माणका क्रममा खनिएको

खाल्डोमा परी दुर्लभ वन्यजन्तु गैंडाले ज्यान गुमाएको र मिति २०७८/६/८ मा बर्षाको मौसममा खुला ढलमा बालक खसी ज्यान गुमाउनु परेको घटना विवरणहरू समेतबाट उक्त कुराको पुष्टि हुन्छ। अर्को अर्थमा, नेपालको संविधानको धारा १६ मा प्रत्याभूत गरिएको सम्मानपूर्वक बाँच्न पाउने हक अन्तर्गत सुव्यवस्थित सडकपेटीमा निर्वाध एवम् सहज रूपमा हिंड्न पाउने पैदलयात्रुको अधिकारभित्र पर्ने देखिन्छ। साथै, सडकपेटीमा खडा गरिएका संरचनाहरूका कारण पैदलयात्रुको निर्भिक एवम् सहज रूपमा हिंडुल गर्न वा आवतजावत गर्ने कार्यमा अवरोध सिर्जना भई धारा १७ मा प्रत्याभूत गरिएको आवतजावतको स्वतन्त्रता सम्बन्धी हकको समेत उल्लङ्घन भएको देखियो। उक्त बाधाव्यवधानहरू हटाउनका निमित्त निवेदकले प्रत्यर्थीहरूलाई मिति २०७८/१२/१४ मा निवेदन गरेको भएतापनि प्रत्यर्थीहरूबाट कुनै प्रकारको सकारात्मक प्रतिकार्य भएको देखिँदैन। प्रत्यर्थीहरूबाट फिराइएको लिखित जवाफ अध्ययन गर्दा, प्रत्येक प्रत्यर्थीले निवेदनसम्बद्ध विषय आफ्नो कार्यक्षेत्र अन्तर्गत नपर्ने भनी उल्लेख गरेबाट प्रत्यर्थीहरूले सडकपेटीमा खडा गरिएका बाधा व्यवधान हटाउन कर्तव्यपरायणता देखाएको पाइएन। नेपालको संविधान प्रदत्त सम्मानपूर्वक बाँच्न पाउने हक र आवतजावतको स्वतन्त्रताको हक प्रचलन गराउनेतर्फ प्रत्यर्थीहरू तदारुक नभएको मात्र नभई आफ्नै मातहतका निकायहरूले सडकपेटी अतिक्रमण गरेको कुरालाई समेत बेवास्ता गरेको देखियो। यसरी आफ्नो कार्यक्षेत्र मातहत पर्ने विषयमा अन्य प्रत्यर्थीहरू समेत समन्वय गरी नागरिकको मौलिक हकको संरक्षण गर्नुपर्नेमा सो गरेको नदेखिँदा नेपालको संविधानको धारा ४७ र धारा १३३ (२) र (३) बमोजिम मौलिक हक एवम् सार्वजनिक हकको प्रचलनार्थ यस अदालतले उपयुक्त आदेश गर्नु मनासिब देखिँदा प्रत्यर्थीहरूको नाउँमा देहाय बमोजिमको परमादेश जारी गरिदिएको छः-

क. सडकपेटीमा प्रहरी पोष्ट खडा गरिएको हकमा प्रत्यर्थी गृह मन्त्रालयले र आफ्नो मातहत पर्ने निकायहरूबाट सडकपेटी अतिक्रमण हुने अन्य कुनै कार्य गरिएको भएमा प्रत्यर्थीहरू नेपाल सरकार, गृह मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, शहरी विकास मन्त्रालय र काठमाडौं महानगरपालिकाले आवश्यक निर्देशन जारी गरी त्यस्ता अतिक्रमण हटाउनू,

ख. निर्माण सामग्री, प्लाटफर्म, भर्याङ्ग वा अन्य कुनै प्रकारका सामग्री राखी वा संरचना निर्माण गरी निजी व्यक्ति, कम्पनी एवम् गैरसरकारी संस्थाहरूबाट सडकपेटी

अतिक्रमण गरिएको स्थानहरूमा सो अतिक्रमण हटाउन प्रत्यर्थी काठमाडौं महानगरपालिका र प्रत्यर्थी मन्त्रालयहरूले आपसी समन्वय गरी सडकपेटीमा रहेको अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरी उपयुक्त समय तोकी निर्देशन दिनू; सूचना बमोजिम सडकपेटीमा भएको अतिक्रमण नहटाइएको खण्डमा आवश्यक र उचित कदम चाली त्यस्तो अतिक्रमण हटाउन समन्वय एवम् कारवाही गर्नू गराउनू;

ग. आफ्नो अधिकारक्षेत्र अन्तर्गत पर्ने सडकहरूका सडकपेटी बिग्री नासिई ढल खुला भएको स्थानहरूमा सोको रेखदेख, सम्भार गरी भविष्यमा ढलमा खसी कसैले ज्यान गुमाउने वा ज्यान धनको क्षति व्यहोर्नु पर्ने अवस्थाहरूको न्यूनिकरण एवम् निवारण गर्ने तर्फ सम्बन्धित सबै संघीय इकाई एवम् मातहतमा पर्ने प्रत्यर्थी समेतका निकायहरूले आवश्यक निर्देशन दिई सबै काम कारबाही गर्नू गराउनू;

घ. सडकपेटीमा रहेको अतिक्रमण हटाउने एवम् सडकपेटी व्यवस्थापनका सम्बन्धमा प्रत्यर्थीहरूबीच कार्यक्षेत्रको दुविधा सिर्जना भएमा सहकारिता, सहअस्तित्व, एवम् पारस्परिक सहयोगको आधारमा आपसी समन्वय गर्नू गराउनू।

३४. रिट निवेदकको दोस्रो मागदाबी अर्थात् अव्यवस्थित सडकपेटी, खुला ढल, सडक वा सडकपेटीमा खडा गरिएका अवरोध वा मानव निर्मित संरचनाको परिणामस्वरूप कुनै व्यक्तिले जीउ धनको क्षति व्यहोर्नु परेको अवस्थामा दुष्कृति कानून बमोजिम क्षतिपूर्ति वहन गराउनुपर्ने; क्षतिपूर्ति निर्धारण गर्नू पर्दा Medical Expense, Punitive Damage, Future Economic Loss र Damages with respect to pain and anguish समेतलाई आधार मान्नुपर्ने; र उक्त कार्यहरू दुष्कृतिको मापदण्ड भन्दा माथि फौजदारी मापदण्डमा पर्न जाने अवस्था भएमा फौजदारी कानूनी प्रक्रिया बमोजिम नै कारवाही गर्नू भनी उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मागदाबी एवम् बहसको क्रममा निवेदकतर्फबाट सार्वजनिक दुष्कृतिका सम्बन्धमा आवश्यक कानूनी मार्गनिर्देशन गरिपाउन अनुरोध भएकोमा सो सम्बन्धमा माथि उल्लिखित दोस्रो प्रश्नका सन्दर्भमा विवेचना भएअनुसार सार्वजनिक दुष्कृतिको अवधारणा एवम् मुलुकी देवानी संहिता, २०७४ को दफा २ (ग), दफा ४२, दफा ४४, दफा ६७२ र दफा ६७५ बमोजिम कुनै सार्वजनिक अधिकारी वा कर्मचारीहरूले आफ्नो सार्वजनिक कर्तव्य निर्वाह नगरेको अवस्थामा निज कार्यरत रहेको सम्बन्धित सरकारी निकायले दुष्कृतिजन्य अप्रत्यक्ष दायित्व (vicarious liability) वहन गर्नुपर्ने नै देखियो। त्यसरी दायित्व वहन गर्नुपर्ने सम्बन्धमा पीडितले पुष्टयाई गर्नुपर्ने अवस्था

एवम् शर्तका सम्बन्धमा माथि नै विवेचना गरिसकिएको हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन। यद्यपि, पीडितले राज्य एवम् सम्बन्धित सरकारी निकायबाट सार्वजनिक दुष्कृतिका कारण व्यहोर्नु परेको क्षतिपूर्तिका सम्बन्धमा क्षतिपूर्ति भराई माग्न पाउनेमा मुलुकी देवानी संहिता, २०७४ को दफा ६८२ बमोजिम अदालतले मनासिब क्षतिपूर्ति भराउनु पर्दा मुद्दा परेकै अवस्थामा निर्णय गर्नु वाञ्छनिय देखिएकाले हाल त्यससम्बन्धमा बोलीरहनु परेन। साथै, कुनै कार्य दुष्कृति मापदण्डभन्दा माथि भई फौजदारी मापदण्डमा पर्ने नपर्ने भन्ने विषय सम्बन्धित मुद्दाको तथ्य एवम् प्रकृतिमा निर्भर हुने हुँदा दुष्कृति कानूनको कार्यान्वयनतर्फको मागदाबी सम्बन्धमा अहिले नै आदेश गर्नु उपयुक्त हुने देखिएन। अरू तपसिल बमोजिम गर्नू।

**<u>तपसिल</u>**

१. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय तथा प्रत्यर्थीहरूलाई पत्राचार गरी आवश्यक कार्यार्थ जानकारी गराउनू।

२. प्रस्तुत रिट निवेदनमा जारी गरिएको आदेश कार्यान्वयनका लागि सर्वोच्च अदालत नियमावली, २०७३ को नियम १२७(४) बमोजिम यस आदेशको प्रतिलिपि फैसला कार्यान्वयन निर्देशनालयलाई पठाई दिनू।

३. प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः- निलकण्ठ बस्याल (शाखा अधिकृत)

फैसला तयार गर्नेः- राकेश बम (शाखा अधिकृत)

इति संवत् २०८१ साल मंसिर १७ गते रोज २ शुभम्.......................................।